# दोधारा चाँदनी नगरपालिकाको नगर पार्श्वचित्र – २०८१

## (Municipal Profile - 2081)




दोधारा चाँदनी नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय,**

सुदूरपश्चिम प्रदेश, कञ्चनपुर

नेपाल



## मेरो भनाई

सुदूरपश्चिम प्रदेश अन्तर्गत कंचनपुर जिल्लाको महाकाली नदि पारीको टापुको रुपमा रहेको अनौठो विशेषता वोकेको भौगोलिक दृष्टिकोणमा विकटता भएर पनि राजनैतिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय र सामाजिक विकासको दृष्टिकोणले विपन्नता नदेखिएको दोधारा चादनी नगरपालिकाको विभिन्न क्षेत्रगत तथ्यांकहरुलाई संकलन गरी नगर पार्श्वचित्र पुस्तकको रुपमा प्रकाशन गरिएको छ । प्रस्तुत पार्श्वचित्रमा उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरिएको छ ।

यस नगरपालिकासंग सम्वन्धित विषयवस्तुको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा नगरवासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा नगरपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्साका साथै पछिल्लो राष्ट्रिय जनगणना २०७८ का विविध पक्षहरू समावेश गरिएका छन् ।

अन्त्यमा, यो पार्श्वचित्र तयार पार्नमा सहयोग गर्ने नगरकार्यपालिकाका कर्मचारी एवं संघ संस्थाहरुलाई विशेष धन्यबाद दिन चाहन्छु ।

धन्यबाद

**किशोर कुमार लिम्बु**
**नगर प्रमुख**



# मेरो भनाई

सुदूरपश्चिम प्रदेश अन्तर्गत महाकाली पारीको टापुको नामले चिनिने यस दोधारा चाँदनी नगरपालिकालाइ एकातिर महाकाली नदि र अर्कोतिर जोगबुढा नदीले टापुको रुपमा स्थापित गरेको छ । पुर्बमा महाकाली नदि र भीमदत्त नगरपालिकाको सिमाना तथा पश्चिम, उत्तर र दक्षिण तर्फ भारतको उत्तराखण्ड र उत्तर प्रदेशले छोएको छ । यस नगरपालिकाको जनसंख्या, खानेपानीको अवस्था, शिक्षा, स्वास्थ्य लगायतका विषयवस्तुहरु समेटी नगर पार्श्वचित्र प्रकाशन भएको छ । सूचना एवं तथ्यांकका क्षेत्रमा कार्य गर्ने जोसुकैका लागि पनि प्रस्तुत पार्श्वचित्र कोशे ढुङ्गा सावित हुने कुरामा म विश्वस्त छु ।

पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यस नगरपालिकाको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर नगरको सम्पूर्ण चिनारीका रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ यस मार्फत हाम्रा सम्भावना र चुनौतिहरूलाई पहिचान गर्न सकिन्छ ।

अन्त्यमा, पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण योगदान गर्नु हुने नगरकार्यपालिकाका कर्मचारीहरू लगायत प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्णलाई धन्यवाद दि चाहन्छु ।

धन्यबाद

गंगा देवी जोशी
नगर उप-प्रमुख



# दुई शब्द

योजनावद्ध विकासको मेरुदण्डको रुपमा सत्य तथ्य तथ्यांकलाई मुख्य आधारस्तम्भ मानिन्छ । स्थानीय सरकारको रुपमा स्थापित नगरपालिकाले वनाउने नीति, योजना तथा कार्यक्रम तर्जुमाका लागि सम्वन्धित तहमा विषयगत तथा क्षेत्रगत सूचना तथा तथ्यांकहरुको अभावले यथार्थपरक, वस्तुनिष्ठ र ठोस प्रमाणमा आधारित योजना निर्माणमा कठिनाई हुन्छ । सूचना प्रविधिले महत्वपूर्ण स्थान ओगटेको आजको युगमा समाजका कुनै पनि क्षेत्र सूचना तथा तथ्यांकसंग अलग हुन सक्दैनन । हरेक क्षेत्रमा सूचना तथा तथ्यांकको महत्व र आवश्यकता दिनानुदिन वढिरहेको छ ।

तथ्यांकीय सूचनाहरु आधुनिक संचारका माध्यमद्वारा सरोकारवाला सामु प्रचार प्रसार हुने र सवै सरोकारवालाहरुले यसलाई प्रयोगमा ल्याउने हुनाले यस क्षेत्रमा कार्य गर्ने कार्यालय र संघ संस्थाहरुले सत्य तथ्य तथ्यांक र विश्वासिलो सूचना उत्पादनमा विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ । यसै तथ्यलाई आत्मसात गरी हाल उपलव्ध भएका सूचना तथा तथ्यांकहरुलाई एकिकृत गरी नगर पाश्वचित्र प्रकाशन गरिएको छ ।

अन्त्यमा यो पार्श्वचित्र प्रकाशनमा योगदान गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

गणेश दत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत

# विषय–सूचि

खण्ड १ : भूमिका....1
१.१ पृष्ठभूमि :....1
१.२ नगरपालिका पार्श्वचित्र तयारीको उद्देश्य :....1
१.३ अध्ययन विधि :....1
१.४ अध्ययनका सीमाहरु :.... २
खण्ड २ : नगरपालिकाको वस्तुस्थिति चित्रण ....३
२.१ नगरपालिकाको संक्षिप्त परिचय :....३
२.२ राजनैतिक तथा प्रशासनिक केन्द्र :.... ५
नगरपालिकाको स्थापना.... ५
२.३ भौगोलिक अवस्थिति :....६
२.४ भू-क्षेत्रको वर्गिकरण :....६
२.५ माटोको बनावट र उर्वराशक्ति :.... ७
२.६ हावापानी :.... ७
२.७ नगरपालिकामा रहेका सम्भाव्यता र अवसरहरु :.... ८
२.८ नगरपालिकाको अवसर र सम्भावनाहरु :....१०
२.९ नगरपालिकाको समस्या र चुनौतीहरु :....१०
२.१० नगरपालिकाको अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध :....१०
२.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु :.... ११
२.१२ मुख्य चाडपर्वहरु :....१७
२.१३ ताल, नदीनाला तथा पोखरीहरु :....१८
खण्ड ३ : जनसाङ्खिक विवरण ....२२
३.१ जनसंख्याको विवरण :....२२
३.१.१ दोधारा चादनी नगरपालिकाको वडा अनुसार क्षेत्रफल तथा जनसंख्या विवरण :....२२

३.१.२ दोधारा चादनी नगरपालिकाको जात जाती अनुसारको जनसंख्या विवरण........ २३

३.१.३ दोधारा चादनी नगरपालिकाको मातृ भाषा अनुसारको जनसंख्या विवरण ........ २४

३.२ बसाई सराईको अवस्था : ........ ३६

३.३ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण :........ ३६

खण्ड ४ : भू-उपयोग ........ ३७

४.१ नगरपालिकाको भू-उपयोगको विवरण........ ३७

४.२ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण :........ ३८

खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति........ ३९

५.१ नगरपालिकामा अर्थतन्त्रको संरचनात्मक स्वरुप :........ ३९

५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था :........ ३९

५.३ कृषि........ ३९

५.३.१ कृषि बालीमा लाग्ने रोग ........ ४०

५.३.२ बाली पात्रो ........ ४१

५.३.३ मुख्य बजार क्षेत्रको र कृषि बजारीकरण विवरण........ ४१

५.३.४ कृषि पकेट क्षेत्रको बिबरण ........ ४२

५.३.५ जग्गाको उर्वराशक्ति........ ४२

५.४ सिंचाइ ........ ४४

५.५ पशुपालन ........ ४४

५.५.१ पशु नश्ल ........ ४४

५.५.२ पशुपंक्षीमा लाग्ने रोगहरु........ ४५

५.५.३ नगरपालिकामा दुग्ध बजारीकरण ........ ४५

५.५.४ मासु बजारीकरण........ ४६

५.६ व्यापार तथा उद्योगको विवरण........ ४६

५.७ थोक तथा खुद्रा व्यापार........ ४६

५.७.१ निकासी पैठारी स्थिति ........ ४७

५.७.२ ढुवानी तथा भण्डार व्यवस्था ........ ४७

५.७.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा ........ ४७

५.७.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति ........ ४७

५.७.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण ........ ४८

५.८ अन्य आर्थिक विकासका सम्भावनाहरू ........ ४८

५.९ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण ........ ४९

५.१० बैंकको विवरण ........ ५०

खण्ड ६ : सामाजिक पूर्वाधार तथा सेवा ........ ५१

६.१ शिक्षा ........ ५१

६.१.२ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ........ ५४

६.२ खेलकुद तथा मनोरञ्जन ........ ५५

६.२.१ सामाजिक सुरक्षा ........ ५६

६.३ महिला तथा बालबालिका ........ ५६

६.३.१ महिला सम्बन्धी विवरण ........ ५६

६.३.२ बालबालिका सम्बन्धी विवरण ........ ५७

६.३.३ बालक्लब ........ ५७

६.४ अपाङ्गताको विवरण ........ ५८

६.५ शान्ति सुरक्षा ........ ५९

६.६ खानेपानी तथा सरसफाई ........ ५९

६.६.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण ........ ६०

६.७ फोहोरमैला व्यवस्थापन ........ ६२

खण्ड ७ : वन तथा वातावरण ........ ६३

७.१ प्राकृतिक वन तथा वनस्पती ........ ६३

७.२ जैविक विविधता सम्वन्धी विवरण ........ ६४
७.३ लघु वन पैदावार ........ ६५
७.४ नगरपालिकामा पाईने वन्यजन्तु........ ६५
७.५ वनजंगल........ ६६
७.५.१ सामुदायिक वन ........ ६६
७.५.२ धार्मिक वन........ ६७
७.५.३ सरकारद्वारा व्यवस्थित वन ........ ६८
७.५.४ निजी वन........ ६८
७.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था........ ६८
७.७ जडिबुटी सम्बन्धी विवरण........ ६८
७.८ वन संरक्षणका लागि चाल्नु पर्ने कदम ........ ६८
खण्ड ८ : नगरपालिकाको संगठनात्मक ढाँचा ........ ७०
८.१ नगरसभा ........ ७०
८.२ कार्यपालिका सदस्यहरु :........ ७२
८.३ नगरपालिकामा हाल कार्यरत कर्मचारीहरुको विवरण........ ७३
खण्ड ९ : दोधारा चांदनी फोटो ग्यालरी ........ ७७

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि :

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवस्यकता पर्दछ । वैज्ञानिक योजना पद्धतिका लागि विश्वसनीय तथा भरपर्दो तथ्याङ्कीय आधार नै महत्वपूर्ण हुन्छ । नगरपालिकाको आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक लगायतका विकासका लागि सूचना एवं तथ्यांकको आवश्यकता पर्ने र उक्त सूचना तथा तथ्यांकहरु समेत समग्र वस्तुस्थिति समेटिएको नगर पाश्वचित्र यस भन्दा अघि २०७४ सालमा तयार गरिएको थियो तर उक्त पाश्वचित्र अध्यावधिक नभई कतिपय तथ्यांकहरु पुराना भई विकास निर्माण लगाायत अन्य सामाजिक, आर्थिक, भौतिक, स्वास्थ्यसंग सम्वन्धित कार्यहरु समेत प्रभावित भईरहेको तथा यस नगरपालिकामा काम गर्न ईच्छुक संघसंस्थाहरुका लागि समेत अध्यावधिक तथ्यांक र वर्तमान वस्तुस्थितिको आवश्यकता पर्ने भएकोले यो नगर पार्श्वचित्र तयार गर्न लागिएको हो । यसले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले नगरमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले सङ्कलन गरिएको छ । कुनै पनि स्थानीय तहले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । सोही व्यवस्था वमोजिम यो नगर पार्श्वचित्र तयार गरिएको छ ।

## १.२ नगरपालिका पार्श्वचित्र तयारीको उद्देश्य :

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार छन् ।

क) नगरपालिका क्षेत्रभित्र रहेका सेवा सुविधाहरुको बारेमा जानकारी गराउने ।
ख) नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरुको अवगत गराउने ।
ग) नगरपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औंल्याउने ।
घ) नगरपालिका भित्र बसोवास गर्ने मानिसहरुको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।
ङ) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।
च) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।
छ) नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा प्रदेश तथा संघिय स्तरसम्म सूचना उपलब्ध गराई व्यवस्थापनमा सहयोग गर्ने ।
ज) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

## १.३ अध्ययन विधि :

प्रस्तुत पार्श्वचित्रका तयारी गर्दा प्रयोग गरिएका विधीहरु निम्नानुसार छन् –

- प्रस्तुत पार्श्वचित्रमा विषयगत कार्यालयका साथै विभिन्न संघसंस्थाहरुबाट प्राप्त तथ्यांकहरु समावेश गरिएको छ ।
- प्रस्तुत पार्श्वचित्रमा राष्ट्रिय जनगणना २०७८, विभिन्न समयमा गरिएका सर्वेक्षणहरुवाट प्राप्त नतिजाहरुलाई समावेश गरिएको छ ।
- प्रस्तुत पार्श्वचित्रमा तथ्याङ्कको बिश्लेषणका क्रममा बिभिन्न तालिकाहरु, चित्रहरु तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रुपमा विश्लेषण गरिएको छ ।
- पार्श्वचित्र तयार गर्ने कार्य द्वित्तीय ( Secondary) सूचनाका अधारमा गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, नापी नक्शा, स्थलगत निरीक्षण गरी संकलन गरिएको छ ।
- नगरपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।


## १.४ अध्ययनका सीमाहरु :

प्रस्तुत पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरुको स्रोत र आधार वर्ष प्रस्तुत गरिएका तथ्यांक मुनी खुलाईएको छ । नगरपालिका अन्तर्गत रहेका विभिन्न सरकारी कार्यालय तथा गैरसरकारी संघसंस्थाहरुले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरु आदी स्रोतहरुबाट उपलब्ध तथ्याङ्क एवं स्वंय आफ्नै कार्यालयसंग भएका तथ्याङ्कको आधारमा प्रस्तुत वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यसले दोधारा चांदनी नगरपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिनेछ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । यद्यपी स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधेको छ । तथापी अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्ग संकलन गरिएको छ ।


# खण्ड २ : नगरपालिकाको वस्तुस्थिति चित्रण

## २.१ नगरपालिकाको संक्षिप्त परिचय :

दोधारा चादनी नगरपालिका नेपालको सुदूरपश्चिम प्रदेश अन्तर्गत कञ्चनपुर जिल्लामा पर्दछ । यो नगरपालिका नेपालको महाकाली नदी भन्दा पारी रहेका २ मात्र साविकका दोधारा र चाँदनी गा.वि.स. समावेश गरि स्थापना भएको हो । मिति २०७१ मंसिर १६ गते नेपाल सरकारको निर्णय अनुसार यस नगरपालिकाको नाम दोधारा चाँदनी नगरपालिका नामाकरण गरि १० वडा कायम गरिएको थियो । मिती २०७३ फाल्गुन २२ को निर्णय अनुसार नगरपालिकाको नाम परिवर्तन गरि माहाकाली नगरपालिका नामाकरण गरि १० वडा कायम गरिएको थियो । पुनः मिति २०७७ मंसीर १३ को नेपाल सरकारको निर्णय अनुसार यस न.पा.को नाम दोधारा चादनी नगरपालिका नै कायम गरिएको छ । यो नगरपालिका भौगोलिक हिसाबले ८०डिग्री ४ मिनेट देखि ८० डिग्री ०६ मिनेट३० सेकेन्ड पूर्वी देशान्तरसम्म र २८ डिग्री ४९ मिनेट देखि २८ डिग्री ५९ मिनेट उत्तरी अक्षांशसम्म फैलिएको छ । त्यसैगरी ५६.८४ वर्ग.कि.मी. क्षेत्रफलमा रहेको यस नगरपालिकाको उत्तर, पश्चिम र दक्षिणमा भारत रहेको छ भने पूर्वमा भीमदत्त नगरपालिका र शुक्लाफाँटा राष्ट्रिय निकुन्ज रहेका छन् । दोधारा चादनी नगरपालिकाको औषत अधिकतम तापक्रम३७.५ डिग्री सेल्सियस र न्युनतम तापक्रम ६.९ डिग्री सेल्सियस रहेको पाईन्छ । यस नगरपालिकामा सामुदायिक र संस्थागत गरी ११ वटा माध्यामिक विद्यालय र ३२ वटा आधाभूत विद्यालय गरी जम्मा ४३ वटा शिक्षण संस्थाहरु संचालित छन् । यस नगरपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार दोधारा चादनी नगरपालिकाको कूल जनसंख्या ४२,९७४ मध्ये महिला २४०४६ ( ५५.९५ प्रतिशत) र पुरुष १८९२८ (४४.०५ प्रतिशत) रहेको छ । यस नगरपालिकामा १० वडाहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरुमा व्यापार, नोकरी र वैदेशिक रोजगारी पनि एक हो । अधिकांश क्षेत्रमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, गौरा, कृष्णजन्माष्टमी, शिबरात्री, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ


Mahendra Nagar N.P.
Mahendra Nagar N.P
1
CHANDANI
CHANDANI 2
INDIA
3
CHANDANI
4
CHANDANI
CHANDANI 5
6
DODHARA
Shukla Phanta National Park
DODHARA
7
9
DODHARA
8
DODHARA
10
DODHARA

## २.२ राजनैतिक तथा प्रशासनिक केन्द्र :




नगरपालिकाको स्थापना

नेपाल सरकारको मिति २०७१/०८/१६ गतेको निर्णय अनुसार साविकका चाँदनी र दोधारा गा.वि.स. समावेश गरि १० वडा सहितको दोधारा चाँदनी नगरपलिका घोषणा भएको थियो । जसको संरचना देहाय बमोजिम रहेको छ ।

साविकको नगरपालिकाको वडा विभाजन

| कायम गरिएका वडानं. | साविकका गा.वि.स. | साविकका वडा |
|---|---|---|
| १ | चाँदनी | ७ |
| २ | चाँदनी | ४, ८ |
| ३ | चाँदनी | २, ३ |
| ४ | चाँदनी | ५, ६ |
| ५ | चाँदनी | १, ९ |
| ६ | दोधारा | २, ३ |
| ७ | दोधारा | १, ४ |
| ८ | दोधारा | ५ |
| ९ | दोधारा | ६, ७ |
| १० | दोधारा | ८, ९ |

## २.३ भौगोलिक अवस्थिति :

यो नगरपालिका भौगोलिक हिसाबले ८०डिग्री ४ मिनेट देखि ८० डिग्री ०६ मिनेट३० सेकेन्ड पूर्वी देशान्तरसम्म र २८ डिग्री ४९ मिनेट देखि २८ डिग्री ५९ मिनेट उत्तरी अक्षांशसम्म फैलिएको छ । त्यसैगरी ५६.८४ वर्ग.कि.मी. क्षेत्रफलमा रहेको यस नगरपालिकाको उत्तर, पश्चिम र दक्षिणमा भारत रहेको छ भने पूर्वमा भीमदत्त नगरपालिका र शुक्लाफाँटा राष्ट्रिय निकुन्ज रहेका छन् । दोधारा चादनी नगरपालिकाको औषत अधिकतम तापक्रम३७.५ डिग्री सेल्सियस र न्युनतम तापक्रम ६.९ डिग्री सेल्सियस रहेको पाईन्छ ।

## २.४ भू-क्षेत्रको वर्गिकरण :

कञ्चनपुर जिल्लाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रवृत्तिका आधारमा ७ वर्गमा विभाजन गरिएको छ । Land Resource Mapping Project ले तयार गरेको वर्गीकरणको आधारमा मनसुनी कृषि तथा वनस्पती पक्षलाई विशेष ध्यान दिएको छ । भुमिको वर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ । अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रबृत्ति पहिलो "क" वर्गदेखि छैठौं "च" वर्ग तर्फ बढ्दै जान्छ । कञ्चनपुर जिल्लामा रहेका यस माहाकाली नगरपालिकामा क र ख वर्गको भू-बनोट रहेको तथ्यांकले देखाएको छ ।

क) वर्ग : Slope $< 1°$ (गहिराई पर्याप्त भएको, खेतीपाती र वनको लागि उपयुक्त माटो)

लगभग एउटै सतह भएको, कृषिको आवश्यकताअनुरुप माटोको गहिराई पर्याप्त भएको जमिनलाई यस वर्गमा राखिएको छ । नदीको किनारमा परेको जग्गाबाहेक यस समूहको जग्गामा ठूलो भू-क्षय हुने समस्या नदेखिने र भू-बनौटको स्थायित्वमा कुनै प्रकारको असर नपर्ने हुँदा यस प्रकारको जग्गामा परम्परागत वा आधुनिक दुवै प्रविधिबाट खेती गर्न सकिन्छ । तर वर्षाको समयमा वर्षाको सोझो प्रहारबाट हुन सक्ने भू-क्षय

रोक्ने उपाय अपनाउनु पर्दछ । सामान्य अवस्थामा वर्षे पानीको सतहगत प्रवाह र माटोको चिस्यानको मात्राले जमिनको उपयुक्तता निर्धारण गरेको हुन्छ । मनसुनको समयमा वर्षाको पानी सजिलैसँग बगेर जाने वा पानी नजम्ने खालको माटो भएमा कृषि चरन वा वनस्पतीको लागि त्यस्तो जग्गा उपयुक्त हुन्छ । भूमिगत जलसहत निकै माथि भएको तथा सतहगत पानी बगेर नजाने वा जमेर बस्ने जमिन पनि "क" वर्गको जमिनमा पर्दछ । धेरैजसो अन्नवालीलाई यस प्रकारको अवस्था उपयुक्त नभएता पनि यस्तो जमिनमा धान खेती राम्ररी गर्न सकिन्छ । हिउँदमा गहुँ वा अन्य अन्नहरूको खेती माटोमा रहने चिस्यानको भरमा गर्न सकिन्छ । गर्मीयाममा त्यहाँको तापक्रममा मिल्ने बालीनालीको खेति सिंचाईको सहयोगमा गर्न सकिन्छ ।

ख) वर्ग : Slope 1° – 5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ । मनसुनी खेती गर्नका लाीग यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ । सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ । माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ ।
यस वर्गको जमिनमा परम्परागत वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ । मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ । यस्तो जमिनमा धान खेती गर्न सकिन्छ । सिंचाई सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ । सिंचाइ भएमा हिउँदे एवं वसन्ते बाली पनि लगाउन सकिन्छ ।

## २.५ माटोको बनावट र उर्वराशक्ति :

प्राकृतिक सम्पदाको हिसाबले यो नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटोको धनी नगरपालिका हो । यस क्षेत्रमा करिव ६५.७६ प्रतिशत जमिन खेतीपातीको लागि उपयोग भएको देखिन्छ । करीव १९.९० प्रतिशत जमिन वनजंगलले ओगटेको छ भने ७.६५ प्रतिशत जलक्षेत्रले ओगटेको छ । नगरपालिकाको प्रमुख नगदे, खाद्यान्न तथा अन्न बालीमा उखु, धान, गहुँ, मकै, मास, मुसुरो, अरहर, आलस, तोरी आदी हुन् ।


## २.६ हावापानी :

जलवायुको हिसाबले यस नगरपालिका उष्ण तथा उपोष्ण प्रकारको हावापानी रहेको छ । प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । गर्मीयाममा दोधारा चांदनी नगरपालिकाको औषत तापक्रम अधिकतम ३७.५ डिग्री सेल्सियस रहेको छ भने हिउँदमा न्युनतम ६.९ डिग्री सेल्सियस रहेको छ । दोधारा चांदनी नगरपालिकाको १२ महिनाको औषत तापक्रम र वर्षाको विवरण तलको तालिकामा दिइएको छ ।

| सि.नं. | महिना | अधिकतम तापक्रम (डिग्री सेल्सियस) | न्युनतम तापक्रम (डिग्री सेल्सियस) | औषत तापक्रम (डिग्री सेल्सियस) | औषत वर्षा ( मिलिलिटर) |
|---|---|---|---|---|---|
| १ | बैशाख | ३७.५ | २२.२ | २९.२ | ४६.२ |
| २ | जेठ | ३६.७ | २४.९ | ३१.१ | २४५.२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | असार | ३३.४ | २५.१ | २९.३ | ५३४.५ |
| ४ | साउन | ३३.० | २४.९ | २९.२ | ४९०.२ |
| ५ | भदौ | ३२.५ | २३.५ | २८.६ | २८६.५ |
| ६ | असोज | ३०.८ | १८.० | २४.९ | ४७.६ |
| ७ | कात्तिक | २७.६ | ११.८ | २०.४ | ४.७ |
| ८ | मंसिर | २३.८ | ७.९ | १५.६ | २०.७ |
| ९ | पुस | २१.५ | ६.९ | १४.४ | २४.४ |
| १० | माघ | २४.१ | ८.४ | १६.५ | ३५.५ |
| ११ | फागुन | २९.४ | १२.२ | २०.१ | १५.९ |
| १२ | चैत | ३९.४ | १७.४ | २५.४ | २०.३ |

*स्रोत: तथ्याङ्क कार्यालय, कञ्चनपुर*




## २.७ नगरपालिकामा रहेका सम्भाव्यता र अवसरहरु :

नगरपालिकामा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, वैदेशिक रोजगार, तालतलैया तथा नदीनालाहरुमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन् ।

समग्रमा नगरपालिकाको केन्द्रभन्दा बाहिरको क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ । नगरमा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन । जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेका छन् ।

नगरमा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ । जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ति बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ ।
नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपंछी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ । जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।
यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ ।
नगरपालिकाका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा पोखरी निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ ।
नगरपालिकाको सामुदायिक वन उपभोक्ता समूहहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ ।
नगरपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस नगरका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गर्नसके नगरको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुर्‍याउने प्रशस्त सम्भावना देखिन्छ ।
यसका अतिरिक्त माहाकाली नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- नगरपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यावसायीक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- नगरपालिका क्षेत्रमा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले नगरपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ ।
- नगरपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.८ नगरपालिकाको अवसर र सम्भावनाहरु :

दोधारा चांदनी नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान सम्भावना र अवसरहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- ताल, वन, उर्बर कृषि जमिन, नदी नाला, सम्म भौगलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- शिक्षा केन्द्रहरुको संचालनमा व्यवस्था
- पर्यटन क्षेत्रको विकासको सम्भावना

## २.९ नगरपालिकाको समस्या र चुनौतीहरु :

दोधारा चांदनी नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान समस्या र चुनौतीहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- जनसहभागितामा कमि
- नगरपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- नगरपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- कृषीयोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- आयश्रोतको कमिले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- आकासे पानीमा निर्भर सिचाई
- पराम्परागत कृषि प्रणालि
- वर्षेनी डुवान तथा कटानको समस्या कृषीयोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।
- सार्वजानिक निर्माण र विकासमा सम्बन्धित निकायहरुको समन्वयको अभाव ।
- योजनाबद्ध वस्ती विकासको अभाव
- वातावरण संरक्षणको ठोस कार्यक्रमको अभाव

## २.१० नगरपालिकाको अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध :

नगरहरुको बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ । सम्बन्धको प्रकृति र दुरी नगरहरू बिच फरक-फरक हुन सक्छ । मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक नगरपालिकाले अर्को नगरपालिकामा निर्भर रहनु पर्ने हुन्छ । ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावर, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन् । पहाडी क्षेत्रबाट कृषि र वनजन्य उत्पादनहरू तराई भित्रिने गर्दछन । तराई क्षेत्र पहाडी जिल्लाहरूको तुलनामा सुविधा सम्पन्न भएकोले बसाई सराईको प्रवृत्ति निकै बढी देखिन्छ । मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ । यी विविध कारणले अन्तर नगरपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ ।

साथै, यस नगरपालिकाको छिमेकी नगरपालिका तथा जिल्ला समन्वय समिति जस्ता सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेको छ । फलत: यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ ।

## २.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु :

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले सम्पूर्ण विश्व नै एउटा नगरको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।
प्राकृतिक ताल, तलैया तथा नदीहरु र हरियाली वातावरण अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरुको भ्रमण हुने गर्दछ । भौगोलिक कालक्रमको इतिहासमा यहाँ बग्ने साना र ठूला खोला तथा नदीहरु र पोखरीहरुको निर्माण हुन गएको छ । यस नगरपालिकामा रहेका पर्यटकीय तथा धार्मिक स्थानहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

क) मन्दिरहरु :

| क.सं. | मन्दिरको नाम | प्रमुख पूजा हुने समय | वडा नं |
|---|---|---|---|
| १ | शिव मन्दिर, कमलसा हाट बजार | नवरात्रीको, तिज मेला, शिव रात्री | ७ |
| २ | शिव मन्दिर, अम्भोज | नवरात्रीको, तिज मेला, शिव रात्री | ९ |
| ३ | माहाकाली कालिका मन्दिर | नवरात्रीको मेला | १ |
| ४ | प्रचन्ड चण्डिका मन्दिर | | ३ |
| ५ | पूर्णगिरी मन्दिर | | ३ |
| ६ | हुनैनाथ मन्दिर | | १ / २ |
| ७ | सिद्ध नाथ मन्दिर | | ४ |
| ८ | गौरादेवि मन्दिर | भाद्रमा गौरा मेला | ५ |
| ९ | शिव मन्दिर, ढक्नाघाट | नवरात्रीको, तिज मेला, शिव रात्री | ९ |
| १० | कालिका मन्दिर, कञ्चभोज | नवरात्रीको मेला | ७ |
| ११ | कालिका मन्दिर, अम्बिका हाट बजार | नवरात्रीको मेला | ९ |
| १२ | कालिका मन्दिर, जायका | नवरात्रीको मेला | १० |
| १३ | मालिका माता, चक्कि बजार | नवरात्रीको मेला | १ |

१.कमलशा मन्दिर दोधारा चाँदनी वडा नं.७ बाबाथान



२.प्रचण्ड चण्डिका मन्दिर दोधारा चाँदनी नगरपालिका वडा नं.३ देविस्थान



३.पूर्णागिरी मन्दिर दोधारा चाँदनी नगरपालिका वडा नं.३ शान्ती टोल



४.हुनैनाथ मन्दिर दोधारा चाँदनी नगरपालिका वडा नं.२



५.सिद्धनाथ मन्दिर दोधारा चाँदनी नगरपालिका वडा नं.४



६.विश्वकर्मा बाबा मन्दिर दोधारा चाँदनी नगरपालिका वडा नं.४



७.महाकाली माता मन्दिर दोधारा चाँदनी नगरपालिका वडा नं.४



८.कालिका मन्दिर दोधारा चाँदनी नगरपालिका वडा नं.१



ख) दोधारा चाँदनी झोलुंगे पुल :

नेपालको सबैभन्दा लामो झोलुङ्गे पुलको रुपमा दोधारा चाँदनी झोलुङ्गे पुल रहेको छ। जसको कुल लम्बाई १४५२.९६ मिटर रहेको छ। नेपाल र भारतको सिमानामा महाकाली नदिको पारी रहेका साविकका २ गा.वि.स. चाँदनी र दोधारा जानको लागी निर्माण भएकोले यो पुल दोधरा चाँदनी झोलुङ्गे पुलको रुपमा परिचित छ। यस पुलले दोधारा चाँदनी नगरपालिकालाई भिमदत्त नगरपालिकासँग जोड्ने काम गरेको छ। यो पुल पर्यटकीय रुपमा परिचित रहेको छ। आधुनिक तरिकाबाट निर्मित यो झोलुङ्गे पुल निकै आकर्षक रहेको छ। दोधारा चाँदनी नगरपालिका वडा नं ४ मा एउटा पार्क निर्माण भएको छ। जसको संरक्षण झोलुङ्गे पुल समितीले गर्दै आएको पाइन्छ। यस पुलको अवलोकन गरि पुल पारी गएर पार्कमा रमाउनको लागी आन्तरिक तथा बाह्य पर्यटकहरु आउने गरेको पाइन्छ।





## २.१२ मुख्य चाडपर्वहरु :

यस नगरपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । यस नगरपालिकामा क्षेत्री, कामी, ब्रामह्ण पहाडी, मगर आदि जातका मानिसहरु रहेका छन् । जसमा अधिकांश हिन्दू धर्म मान्ने मानिसहरुको बाहुल्यता रहेको छ भने बौद्ध र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, चैते दशैं, साउने-माघे सङ्क्रान्ति, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, घोडे जात्रा, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध, कूल-थानी पूजा, ग्रामथान पूजा, कर्कट सङ्क्रान्ति, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईन डे, गौरा, होली, आइतबारी, पुसे १५, असारे १५ आदि चाडपर्वहरु रहेका छन् ।

### गौरा पर्वका फोटोहरुः











## २.१३ ताल, नदीनाला तथा पोखरीहरु :

नगरपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदि नाला, खोला, ताल र पोखरीहरूले जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ । साथै यस्ता तालतलैयाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक तालतलैयाहरूमा भू-क्षय भई पुरिने क्रम जारी छ। यस्ता प्राकृतिक तालतलैयाहरूको पुनरुद्धार गरी माछा पालन गरेमा जिल्लाका जनताका लागि आवश्यक माछाको आपुर्ति हुने मात्र नभई कतिपय तालहरूमा पर्यटकिय आकर्षणको रुपमा जल विहार र नौकायन समेत गर्न सकिने देखिन्छ। यस नगरपालिकाको प्रमुख नदिमा माहाकाली नदि र जोगबुढ नदि रहेको छन्। यसका अलावा नगरमा अन्य साना तिना खोला तथा पोखरीहरु रहेका छन्। अपि हिमालबाट हिउँ पग्लेर बनेको महाकाली नदीलाई पहिलो स्तरको नदी मानिन्छ। टिंकर खोला, चमेलिया खोला सुर्नियागाढ खोला महाकाली नदीका मुख्य सहायक नदीहरू हुन्। यो नदीको वार्षिक औषत जलप्रवाह ७३० क्युसेक रहेको छ भने

यसको कुल लम्बाई २३३ कि.मि. रहेको छ। यो नदीको जलाधार क्षेत्र १५३०० वर्ग कि.मि. रहेको छ। भारतमा यो नदीलाई शारदा नदी भनिन्छ।

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ । यस नगरपालिकामा माहाकाली ताल प्रमुख रहेको छ जुन माहाकाली नगरपालिकाको लट्ठाघाटमा रहेको छ । यस तालले अनुमानित २ हेक्टर क्षेत्रफल ओगटेको छ । यस तालमा अनुमानित ३०००० घ.मी. जलभण्डार गर्न सकिने देखिन्छ। यस तालमा प्रशस्त मात्रमा माछाहरु रहेका छन् । यसका अलवा यस नगरपालिकामा अन्य पोखरीहरु रहेका छन् ।

१.महाकाली नदि





२.महाकाली माता मन्दिर ताल





३.दारा ताल दोधारा चाँदनी नगरपालिका वडा नं.४ र ५





# खण्ड ३ : जनसाङ्खिक विवरण

## ३.१ जनसंख्याको विवरण :


कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ । नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ । यस खण्डमा राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार दोधारा चादनी नगरपालिकाको कूल जनसंख्या ४२,९७४ मध्ये महिला २४०४६ (५५.९५ प्रतिशत) र पुरुष १८९२८ (४४.०५ प्रतिशत) रहेको छ ।

### ३.१.१ दोधारा चादनी नगरपालिकाको वडा अनुसार क्षेत्रफल तथा जनसंख्या विवरण :

| वडा नं. | क्षेत्रफल | घरधुरी संख्या | जनसंख्या | | औषत परिवार संख्या | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | | |
| १ | १३.५६ | १०७८ | २७८५ | २३३३ | ४.४७ | ५११८ |
| २ | ४.०८ | ९३५ | २२९८ | १८७६ | ४.७५ | ४१७४ |
| ३ | ७.३२ | १२०० | २९२३ | २१३१ | ४.४६ | ५०५४ |
| ४ | ३.७१ | १०९१ | २५८२ | २१३६ | ४.२१ | ४७१८ |
| ५ | ३.४४ | ५७१ | १३९७ | ११३३ | ४.३२ | २५३० |
| ६ | ३.७३ | ८८० | २२६१ | १७१२ | ४.४३ | ३९७३ |
| ७ | ७.६० | १२९० | ३२८० | २४६९ | ४.५१ | ५७४९ |
| ८ | ४.२१ | ७७१ | १९५६ | १६०३ | ४.४६ | ३५५९ |
| ९ | ४.०४ | ८८३ | २२१९ | १७६६ | ४.६२ | ३९८५ |
| १० | ५.१५ | ९११ | २३४५ | १७६९ | ४.५१ | ४११४ |
| जम्मा | ५६.८४ | ९६१० | २४०४६ | १८९२८ | ४.५२ | ४२९७४ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकाको जनसंख्या ४२,९७४ रहेको छ जस मध्ये पुरुष ४४.०४ प्रतिशत (१८,९२८ जना) र महिला ५५.९६ प्रतिशत (२४,०४६ जना) रहेका छन् । राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकामा ९,६१० घरपरिवार रहेका छन् । हाल यस नगरपालिकामा प्रति परिवार औषत ४.५२ जना सदस्य रहेको छ ।




### ३.१.२ दोधारा चादनी नगरपालिकाको जात जाती अनुसारको जनसंख्या विवरण

| जात जाती | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| क्षेत्री | १५५२३ | ६८९८ | ८६२५ |
| ब्राह्मण पहाड | ४५०८ | २०५९ | २४४९ |
| मगर | ३६८८ | १५९२ | २०९६ |
| थारु | १८ | १३ | ५ |
| तामाङ | ३० | १२ | १८ |
| नेवाः (नेवार) | १२८ | ५७ | ७१ |
| विश्वकर्मा | १००७४ | ४३६४ | ५७१० |
| राई | ५८ | २६ | ३२ |
| गुरुङ | ६९५ | २९८ | ३९७ |
| परियार | २३५७ | १००८ | १३४९ |
| ठकुरी | ३१६६ | १४०६ | १७६० |
| याक्थुङ/लिम्बु | ३१ | ११ | २० |
| मिजार | ७७४ | ३४२ | ४३२ |
| सन्यासी/दशनामी | ७५० | ३२९ | ४२१ |
| धानुक | ६७ | ३० | ३७ |
| ब्राह्मण - तराई | ५६ | २२ | ३४ |
| कुमाल | ५० | २३ | २७ |
| घर्ती/भुजेल | १६ | ८ | ८ |
| लोहार | ६६७ | २९६ | ३७१ |
| सोनार | १७३ | ६२ | १११ |
| सुनुवार | २० | ११ | ९ |
| बडी | ५६ | २६ | ३० |
| अन्य | ३३ | १५ | १८ |
| विदेशी | ३६ | २० | १६ |
| जम्मा | ४२९७४ | १८९२८ | २४०४६ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकाको जनसंख्या ४२,९७४ रहेको छ । विभिन्न जातजाती अनुसार सवैभन्दा वढि जनसंख्या १५,५२३ क्षेत्रीको रहेको छ जुन कूल जनसंख्यको ३६.१२ प्रतिशत हो । दोश्रो सवैभन्दा वढि जनसंख्या १०,०७४ विश्वकर्माको रहेको छ जुन कूल जनसंख्यको २३.४४ प्रतिशत हो भने सवैभन्दा कम जनसंख्या १६ घर्ती/भुजेलको रहेको छ जुन कूल जनसंख्याको ०.०३ प्रतिशत हो ।





## ३.१.३ दोधारा चादनी नगरपालिकाको मातृ भाषा अनुसारको जनसंख्या विवरण

| मातृभाषा | जनसंख्या | | |
|---|---|---|---|
| | जम्मा | पुरुष | महिला |
| सबै मातृभाषा | ४२९७४ | १८९२८ | २४०४६ |
| नेपाली | ३४०४० | १५४२७ | १८६१३ |
| मैथिली | २१ | ८ | १३ |
| थारु | १० | ६ | ४ |
| तामाङ | १० | ४ | ६ |
| नेपालभाषा (नेवारी) | २९ | १३ | १६ |
| मगर धुत | ६७० | २९६ | ३७४ |
| डोटेली | ४३३ | १७३ | २६० |
| याक्थुङ/लिम्बु | १२ | ४ | ८ |
| गुरुङ | ३१ | १४ | १७ |
| बैतडेली | ४०१३ | १५७१ | २४४२ |
| अछामी | २२४ | ७९ | १४५ |
| हिन्दी | ८५ | २८ | ५७ |
| बझांगी | १०७१ | ४६२ | ६०९ |

| | | | |
|---|---|---|---|
| बाजुरेली | १५२७ | ५५७ | ९७० |
| दार्चुलेली | ५०१ | १७८ | ३२३ |
| दैलेखी | २३९ | ८१ | १५८ |
| अरू | ५८ | २७ | ३१ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

मातृभाषा अनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस नगरपालिकामा सबैभन्दा बढी नेपाली भाषा बोल्नेहरुको संख्या सबैभन्दा बढी अर्थात ३४,०४० (७९.२१ प्रतिशत) रहेको देखिन्छ । दोस्रोमा बैतडेली भाषा बोल्नेहरुको संख्या ४,०१३ (९.३३ प्रतिशत) र सबै भन्दा कम थारु तथा तामाङ्ग भाषा बोल्नेहरुको संख्या समान १०–१० (०.०२ प्रतिशत) रहेका छन् । सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ ।




### ३.१.४ दोधारा चादनी नगरपालिकाको धर्म अनुसारको जनसंख्या विवरण

| लिंग | जम्मा जनसंख्या | धर्म | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | हिन्दु | बुद्ध | ईस्लाम | किरात | क्रिस्चिन | बहाई |
| पुरुष | १८९२८ | १८६७८ | १३५ | ४ | ८ | १०२ | १ |
| महिला | २४०४६ | २३७४१ | १४० | ४ | १५ | १४५ | १ |
| जम्मा | ४२९७४ | ४२४१९ | २७५ | ८ | २३ | २४७ | २ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

धार्मिक दृष्टिकोणले हेर्दा यस नगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको कुल जनसंख्या ४२,९७४ जना रहेकोमा ९८.७० प्रतिशत अर्थात् (४२,४१९ जना) हिन्दु, ०.६३ प्रतिशत (२७५ जना) बौद्ध, ०.५७ प्रतिशत (२४७ जना) क्रिश्चियन र सबैभन्दा कम ईस्लाम र किराँत धर्मावलम्बीहरु रहेको पाईन्छ ।





### ३.१.५ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण :

| वार्ड नं. | जम्मा | स्वामित्वको प्रकार | | | |
|---|---|---|---|---|---|
| | | नीजि | भाडा | संस्थागत | अन्य |
| १ | १०७८ | १०५७ | १२ | १ | ८ |
| २ | ९३५ | ९३० | ३ | ० | २ |
| ३ | १२०० | ११९४ | ३ | ० | ३ |
| ४ | १०९१ | १०५९ | २७ | १ | ४ |
| ५ | ५७१ | ५६१ | ८ | १ | १ |
| ६ | ८८० | ८५७ | ८ | २ | १३ |
| ७ | १२९० | १२७४ | १५ | १ | ० |
| ८ | ७७१ | ७६९ | १ | ० | १ |
| ९ | ८८३ | ८५६ | ४ | २२ | १ |
| १० | ९११ | ९०८ | ३ | ० | ० |
| जम्मा | ९६१० | ९४६५ | ८४ | २८ | ३३ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

दोधारा चांदनी नगरपालिकामा जम्मा ९,६१० घरधुरीहरुमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ९,४६५ (९८.४९ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या ८४ (०.८७ प्रतिशत) रहेको देखिन्छ । त्यस्तै संस्थागत घरधुरी २८ (०.२९ प्रतिशत) र अन्य घरधुरीको संख्या ३३ (०.३४ प्रतिशत) रहेका छन् ।




### ३.१.६ ५ वर्ष माथीको उमेर समूहको साक्षरता विवरण

| वडा नं. | लिङ्ग | जनसंख्या | पढन र लेख्न सक्ने | पढन मात्र सक्ने | पढन र लेख्न नसक्ने | उल्लेख नभएको | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|
| जम्मा | जम्मा | ३८८०५ | ३०७४८ | ८१ | ७९६३ | १३ | ७९.२४ |
| | पुरुष | १६७२७ | १४६८७ | ३६ | १९९६ | ८ | ८७.८० |
| | महिला | २२०७८ | १६०६१ | ४५ | ५९६७ | ५ | ७२.७५ |
| १ | जम्मा | ४६११ | ३६५९ | ८ | ९४४ | ० | ७९.३५ |
| | पुरुष | २०५५ | १८२२ | ५ | २२८ | ० | ८८.६६ |
| | महिला | २५५६ | १८३७ | ३ | ७१६ | ० | ७१.८७ |
| २ | जम्मा | ३८०२ | २९३२ | १५ | ८५५ | ० | ७७.१२ |
| | पुरुष | १६७२ | १४७५ | ६ | १९१ | ० | ८८.२२ |
| | महिला | २१३० | १४५७ | ९ | ६६४ | ० | ६८.४० |
| ३ | जम्मा | ४५२१ | ३४२९ | १४ | १०७७ | १ | ७५.८५ |
| | पुरुष | १८५० | १५९० | ८ | २५१ | १ | ८५.९५ |
| | महिला | २६७१ | १८३९ | ६ | ८२६ | ० | ६८.८५ |
| ४ | जम्मा | ४२८१ | ३२९२ | १ | ९८५ | ३ | ७६.९० |
| | पुरुष | १९०७ | १६४६ | ० | २५९ | २ | ८६.३१ |
| | महिला | २३७४ | १६४६ | १ | ७२६ | १ | ६९.३३ |
| ५ | जम्मा | २२९० | १९२० | ५ | ३६२ | ३ | ८३.८४ |
| | पुरुष | ९९८ | ९१९ | २ | ७७ | ० | ९२.०८ |
| | महिला | १२९२ | १००१ | ३ | २८५ | ३ | ७७.४८ |
| ६ | जम्मा | ३६१० | २९७८ | ७ | ६२५ | ० | ८२.४९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | १५२६ | १३८१ | २ | १४३ | ० | ९०.५० |
| | महिला | २०८४ | १५९७ | ५ | ४८२ | ० | ७६.६३ |
| ७ | जम्मा | ५१७७ | ४१६८ | १७ | ९९१ | १ | ८०.५१ |
| | पुरुष | २१६६ | १८९१ | ६ | २६८ | १ | ८७.३० |
| | महिला | ३०११ | २२७७ | ११ | ७२३ | ० | ७५.६२ |
| ८ | जम्मा | ३२२२ | २५८८ | ६ | ६२४ | ४ | ८०.३२ |
| | पुरुष | १४३६ | १२४१ | ४ | १८८ | ३ | ८६.४२ |
| | महिला | १७८६ | १३४७ | २ | ४३६ | १ | ७५.४२ |
| ९ | जम्मा | ३६२७ | २९०९ | ३ | ७१४ | १ | ८०.२० |
| | पुरुष | १५९० | १३९२ | १ | १९६ | १ | ८७.५५ |
| | महिला | २०३७ | १५१७ | २ | ५१८ | ० | ७४.४७ |
| १० | जम्मा | ३६६४ | २८७३ | ५ | ७८६ | ० | ७८.४१ |
| | पुरुष | १५२७ | १३३० | २ | १९५ | ० | ८७.१० |
| | महिला | २१३७ | १५४३ | ३ | ५९१ | ० | ७२.२० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकाको ५ वर्ष भन्दा माथी उमेर समूहको जनसंख्या ३८,८०५ रहेको छ जस मध्ये पुरुष ४३.१० प्रतिशत (१६,७२७ जना) र महिला ५६.९० प्रतिशत (२२,०७८ जना) रहेका छन् । राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकाको साक्षरता दर ७९.२४ रहेको छ । जस मध्ये पुरुष साक्षरता दर ८७.८० र महिला साक्षरता दर ७२.७५ रहेको छ । ५ वर्ष भन्दा माथी उमेर समूह अन्तर्गत अझै पनि पढ्न र लेख्न नसक्नेको जनसंख्या ७,९६३ रहेको छ । जसमा पुरुषको संख्या १,९९६ र महिलाको संख्या ५,९६७ रहेको छ ।




### ३.१.७ जगको आधारमा घरको बनोटको विवरण

| वडा | जम्मा | जगको वनोट | | | | |
|---|---|---|---|---|---|---|
| | | माटोको जोडाइ भएको इँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको इँटा/ढुंगा | ढलान पिलर सहितको | काठको खम्बा गाडेको | अन्य |
| १ | १०७८ | २७ | ८४७ | ४७ | १३७ | २० |
| २ | ९३५ | ११ | ८६२ | ९ | ५० | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | १२०० | १२३ | ९०९ | ७१ | ९४ | ३ |
| ४ | १०९१ | ५३ | ८८३ | १०४ | २५ | २६ |
| ५ | ५७१ | २६ | ४२९ | १०० | १२ | ४ |
| ६ | ८८० | १३३ | ६२८ | १०४ | ५ | १० |
| ७ | १२९० | २६१ | ८८१ | ९६ | ५१ | १ |
| ८ | ७७१ | १०३ | ५४२ | ११८ | ८ | ० |
| ९ | ८८३ | १४१ | ५३७ | १२० | ८५ | ० |
| १० | ९११ | १५३ | ४४० | २११ | १०१ | ६ |
| जम्मा | ९६१० | १०३१ | ६९५८ | ९८० | ५६८ | ७३ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकामा जम्मा घरपरिवार संख्या ९,६१० रहेका छन जस मध्ये सवैभन्दा वढि घरपरिवार संख्या वडा नं. ७ मा १,२९० र सवैभन्दा कम घरपरविार संख्या वडा नं. ५ मा ५७१ रहेका छन । ढुङ्गा वा ईटा र सिमेन्टले जग निर्माण गरिएका घर संख्या सवैभन्दा वढि ६,९५८, दोश्रोमा माटोको जोडाई भएको ईटा/ढुङ्गा १,०३१, तेश्रोमा ढलान पिलर सहितको ९८० र सवैभन्दा कम काठको खम्वा गाडेको ५६८ घरहरु रहेका छन ।





### ३.१.८ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

| वडा | जम्मा | माटोको जोडाइ भएको इँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको इँटा/ढुंगा | काठ/ फल्याक | बाँसजन्य सामग्री | काँचो इँटा | जस्ता पाता | प्रि फेब्रीकेटेड सीट | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १०७८ | १६ | ८९३ | ३७ | १०९ | १ | १ | ० | २१ |
| २ | ९३५ | ११ | ८५० | ५९ | ९ | १ | १ | ० | ४ |
| ३ | १२०० | १५८ | ९१८ | २३ | ९९ | १ | ० | ० | १ |
| ४ | १०९१ | ४४ | ९३० | २१ | ५३ | १८ | ० | ० | २५ |
| ५ | ५७१ | २५ | ५०३ | ५ | ३० | १ | ० | ० | ७ |
| ६ | ८८० | ६८ | ६५० | ४ | १३६ | ६ | ० | १ | १५ |
| ७ | १२९० | २१२ | ८३६ | ९४ | १३२ | ३ | ० | ० | १३ |
| ८ | ७७१ | ६६ | ६१९ | १ | ८५ | ० | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | ८८३ | १०५ | ५७१ | ३२ | १६६ | २ | ० | ० | ७ |
| १० | ९११ | १४९ | ५२५ | ० | २०७ | ० | १ | ० | २९ |
| जम्मा | ९६१० | ८५४ | ७२९५ | २७६ | १०२६ | ३३ | ३ | १ | १२२ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकामा वाहिरी गारोको आधारमा घरको वनोटको विवरण हेर्दा सवैभन्दा वढि सिमेन्टको जोडाइ भएको इँटा/ढुंगा ७,२९५, दोश्रोमा बाँसजन्य सामग्री १,०२६, तेश्रोमा माटोको जोडाइ भएको इँटा/ढुङ्गा ८५४ र सवैभन्दा कम  प्रि फेव्रीकेटेड सीट १ घरहरु रहेका छन ।





## ३.१.९ छानाको आधारमा घरको बनोटको विवरण

| वडा | जम्मा | घरको छाना | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जस्ता पाता | सिमेन्ट/ढलान | खर पराल | टायल | ढुङ्गा/स्लेट | काठ/ फल्याक | अन्य |
| १ | १०७८ | १९१ | ८२० | ३५ | २८ | ४ | ० | ० |
| २ | ९३५ | २०५ | ७०५ | १४ | ९ | १ | १ | ० |
| ३ | १२०० | ५५७ | ५३० | ८६ | २४ | ३ | ० | ० |
| ४ | १०९१ | ३२९ | ६९६ | ५९ | २ | ० | ५ | ० |
| ५ | ५७१ | १८० | ३७० | १७ | ३ | ० | ० | १ |
| ६ | ८८० | ३९७ | ४३५ | ४० | ४ | ४ | ० | ० |
| ७ | १२९० | ७३७ | ५०५ | ३६ | ९ | ३ | ० | ० |
| ८ | ७७१ | ३७० | ३८१ | २० | ० | ० | ० | ० |
| ९ | ८८३ | ५०४ | ३०० | ७२ | २ | ५ | ० | ० |
| १० | ९११ | ५२३ | २६६ | ९६ | २ | ० | २ | २२ |
| जम्मा | ९६१० | ३९९३ | ५००८ | ४७५ | ८३ | २० | ८ | २३ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकामा छानाको आधारमा घरको वनोटको विवरण हेर्दा सवैभन्दा वढि सिमेन्टको ढलान भएको घर ५,००८ (५२.११ प्रतिशत), दोश्रोमा जस्ता पाताको छाना भएका घर ३,९९३ (४१.५५ प्रतिशत), तेश्रोमा खर परालको छाना भएको घर ४७५ (४.९४ प्रतिशत)  र सवैभन्दा कम  काठ फल्याकको छाना भएका घर ८ (०.०८ प्रतिशत) रहेका छन ।





### ३.१.१० घरको फर्सको आधारमा घरको बनोटको विवरण

| वडा | जम्मा | माटो | वांस/काठको फल्याक | ईटा/ढुङ्गा | टायल | सिमेन्ट | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | १०७८ | २१९ | ५ | ६ | १० | ८३७ | १ |
| २ | ९३५ | १४६ | ४ | ४ | २ | ७७९ | ० |
| ३ | १२०० | ५१९ | १२ | ८ | १४ | ६४४ | ३ |
| ४ | १०९१ | २२६ | ९ | ४ | २ | ८४७ | ३ |
| ५ | ५७१ | ११४ | ९ | ८ | ४ | ४३५ | १ |
| ६ | ८८० | २६९ | १० | १७ | ९ | ५७४ | १ |
| ७ | १२९० | ५५९ | २१ | ५ | १७ | ६८४ | ४ |
| ८ | ७७१ | २१९ | २ | २ | १ | ५४६ | १ |
| ९ | ८८३ | ३५१ | ८ | २० | ९ | ४९३ | २ |
| १० | ९११ | ४०० | १३ | ७ | १२ | ४७५ | ४ |
| जम्मा | ९६१० | ३०२२ | ९३ | ८१ | ८० | ६३१४ | २० |

स्रोत : राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकामा घरको फर्सको आधारमा घरको वनोटको विवरण हेर्दा सवैभन्दा वढि सिमेन्टको ढलान भएको घर ६,३१४ (६५.७० प्रतिशत), दोश्रोमा माटोको भुई भएका घर ३,०२२ (३१.४४ प्रतिशत), तेश्रोमा वांस/काठको फल्याक भएको घर ९३ (०.९६ प्रतिशत) र सवैभन्दा कम फर्समा टायल भएका घर ८० (०.८३ प्रतिशत) रहेका छन ।




क) घर निर्माणका किसिमहरु

यस नगरपालिकामा घर निर्माणको प्रकृति हेर्दा घरको जगको संरचना, घरको बाहिरी गारोको संरचना र फर्सको वनावट अनुसार सिमेन्टको जोडाई भएको इँटा/ढुंङ्गा प्रयोग सबै भन्दा बढी रहेको देखिन्छ । घरको छाना समेत सिमेन्ट ढलान नै बढी प्रयोग भएको पाईन्छ ।

ख) भवन संवेदनशीलता

यो नगरपालिका शहरोन्मुख नगरपालिका हो । जनसंख्या वृद्धि र शहरी विस्तारले विकासोन्मुख राष्ट्रहरुमा भूकम्पीय जोखिमको संवेदनशलितामा वृद्धि भईरहेको छ । निश्चित स्तरको जमिन कम्पन गहनता सिर्जना भएको अवस्थामा तोकिएको स्तरको संरचनागत क्षतिलाई कुनै वस्तुले धान्न सक्ने सम्भावनालाई उक्त वस्तुको संवेदनशीलताका रुपमा परिभाषित गरिएको छ । भवन, अत्यावश्यक सुविधाहरु, लाइफलाइन आदिको संवेदनशीलता विश्लेषण गर्न सकिन्छ र संवेदनशीलता मूल्याङ्कन गर्न लागिएको वस्तुमा आधारित रहेर विभिन्न विधि प्रयोग गर्न सकिन्छ ।


## ३.१.११ घरपरिवारले प्रयोग गर्ने खानेपानीको मुख्य श्रोतको विवरण

| खानेपानीको मुख्य श्रोत | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा | जम्मा | धारा/पाईप (घर भित्र) | धारा/पाईप (घर वाहिर) | ट्यूवेल/ह्याण्डपम्प | ढाकिएको ईनार/कुवा | नढाकिएको ईनार/कुवा | थोपा पानी | नदि/खोला | जार/वोतल | अन्य |
| १ | १०७८ | २२ | ८ | १०४४ | ० | २ | १ | ० | ० | १ |
| २ | ९३५ | ८ | ११ | ९११ | ० | १ | ० | १ | ० | ३ |
| ३ | १२०० | ९ | २४३ | ९४२ | ० | ३ | ० | ० | ० | ३ |
| ४ | १०९१ | १० | ३ | १०७० | २ | ३ | ० | ० | १ | २ |
| ५ | ५७१ | १० | ६ | ५५२ | ० | १ | ० | ० | ० | २ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ८८० | २३ | १८८ | ६६८ | ० | ० | ० | ० | ० | १ |
| ७ | १२९० | ७ | २२ | १२५६ | १ | २ | २ | ० | ० | ० |
| ८ | ७७१ | ५ | २ | ७६० | ० | १ | ० | ० | ० | ३ |
| ९ | ८८३ | १५ | ५ | ८४८ | ० | ८ | ० | ० | ० | ७ |
| १० | ९११ | ५ | ५ | ८९६ | १ | ३ | १ | ० | ० | ० |
| जम्मा | ९६१० | ११४ | ४९३ | ८९४७ | ४ | २४ | ४ | १ | १ | २२ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकामा भएका घरपरिवारले प्रयोग गर्ने खानेपानीको अवस्था हेर्दा सवैभन्दा वढि ट्यूवेल/ह्याण्डपम्प प्रयोग गर्ने घरपरिवार ८,९४७ (९३.१० प्रतिशत), दोश्रोमा घर वाहिर धारा पाईप राखेर खानेपानी प्रयोग गर्ने घरपरिवार ४९३ (५.१३ प्रतिशत), तेश्रोमा घर भित्र धारा पाईप राखेर खानेपानी प्रयोग गर्ने घरपरिवार ११४ (१.१८ प्रतिशत) र सवैभन्दा कम खानेपानीको जार वोतल प्रयोग गर्ने घरपरिवार १ (०.०१ प्रतिशत) रहेका छन ।





### ३.१.१२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा | जम्मा | काठ/दाउरा | एलपी ग्यास | विजुली | गुईठा | गोवर ग्यास | मट्टितेल | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | १०७८ | ७७२ | २१५ | २ | ० | ८९ | ० | ० |
| २ | ९३५ | ३७० | २९८ | ४ | १ | २६२ | ० | ० |
| ३ | १२०० | ७६१ | २८२ | ३ | ० | १५४ | ० | ० |
| ४ | १०९१ | ६८७ | २४९ | २ | ० | १५३ | ० | ० |
| ५ | ५७१ | २०६ | १७२ | ० | ० | १९० | ३ | ० |
| ६ | ८८० | ४४७ | ३६१ | १ | ० | ७० | ० | १ |
| ७ | १२९० | ८३१ | ३५८ | १४ | ० | ८७ | ० | ० |
| ८ | ७७१ | २२५ | ३५१ | ३ | ० | १९२ | ० | ० |
| ९ | ८८३ | ३८७ | २१६ | ३ | ० | २७७ | ० | ० |
| १० | ९११ | ४१३ | ३७८ | ३ | ० | ११७ | ० | ० |
| जम्मा | ९६१० | ५०९९ | २८८० | ३५ | १ | १५९१ | ३ | १ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकामा भएका घरपरिवारले खाना पकाउन प्रयोग गर्ने ईन्धनको अवस्था हेर्दा सवैभन्दा वढि काठ/दाउरा प्रयोग गरी खाना पकाउने घरपरिवार ५,०९९ (५३.०५ प्रतिशत), दोश्रोमा एलपी ग्यास प्रयोग गर्ने घरपरिवार २८८० (२९.९६ प्रतिशत), तेश्रोमा गोवर ग्यास प्रयोग

गर्ने घरपरिवार १५९१ (१६.५५ प्रतिशत) र सवैभन्दा कम गुईठा प्रयोग गरी खाना पकाउने घरपरिवार १ ( ०.०१ प्रतिशत) रहेका छन ।





### ३.१.१३ बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा | जम्मा | विद्युत | सौर्य उर्जा | मट्टीतेल | गोवर ग्यास | अन्य |
|---|---|---|---|---|---|---|
| १ | १०७८ | १०५३ | १ | १० | ० | १४ |
| २ | ९३५ | ९१९ | १ | ४ | ० | ११ |
| ३ | १२०० | ११३० | १९ | १० | १ | ४० |
| ४ | १०९१ | १०७७ | १ | ४ | ० | ९ |
| ५ | ५७१ | ५६५ | १ | २ | ० | ३ |
| ६ | ८८० | ८५७ | ९ | ४ | ० | १० |
| ७ | १२९० | १२७० | ४ | ११ | ० | ५ |
| ८ | ७७१ | ७६० | ५ | ५ | १ | ० |
| ९ | ८८३ | ८६१ | १ | ७ | ० | १४ |
| १० | ९११ | ८७० | १० | २ | ० | २९ |
| जम्मा | ९६१० | ९३६२ | ५२ | ५९ | २ | १३५ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकामा भएका घरपरिवारले वत्ती वाल्न प्रयोग गर्ने श्रोतको अवस्था हेर्दा सवैभन्दा वढि विद्युत प्रयोग गर्ने घरपरिवार ९,३६२ (९७.४१ प्रतिशत), दोश्रोमा मट्टितेल प्रयोग गर्ने घरपरिवार ५९ (०.६१ प्रतिशत), तेश्रोमा सौर्य उर्जा प्रयोग गर्ने घरपरिवार ५२ (०.५४ प्रतिशत) र सवैभन्दा कम गोवर ग्यास प्रयोग गरी वत्ती वाल्ने घरपरिवार २ (०.०२ प्रतिशत) रहेका छन ।





## ३.१.१४ शौचालयको विवरण

| वडा | जम्मा | शौचालयको प्रकार | | | | |
|---|---|---|---|---|---|---|
| | | फ्लस भएको सार्वजनिक ढल | फ्लस भएको सेफ्टीक ट्यांक | खाडल शौचालय | सार्वजनिक शौचालय | शौचालय नभएको |
| १ | १०७८ | ८६ | ६१४ | २५७ | २ | ११९ |
| २ | ९३५ | १२२ | ७१३ | ५६ | ० | ४४ |
| ३ | १२०० | २ | ५१९ | ५११ | ४ | १६४ |
| ४ | १०९१ | ४ | ६९० | ३५५ | २ | ४० |
| ५ | ५७१ | ५३ | ४२० | ७५ | ० | २३ |
| ६ | ८८० | ६ | ४६८ | ३३० | २ | ७४ |
| ७ | १२९० | १२ | ६५२ | ५४५ | ० | ८१ |
| ८ | ७७१ | २ | ४२९ | २६७ | ० | ७३ |
| ९ | ८८३ | १८ | ५५१ | २६९ | १० | ३५ |
| १० | ९११ | ४ | ६३७ | २११ | ० | ५९ |
| जम्मा | ९६१० | ३०९ | ५६९३ | २८७६ | २० | ७१२ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकामा भएका घरपरिवारले प्रयोग गर्ने शौचालयको अवस्था हेर्दा सवैभन्दा वढि घरपरिवारले प्रयोग गर्ने फ्लस भएको सेफ्टीक ट्यांक भएको शौचालय हो जसका संख्या ५,३९३ (५६.११ प्रतिशत), दोश्रोमा खाडल शौचालय प्रयोग गर्ने घरपरिवार २८७६ (२९.९२ प्रतिशत), तेश्रोमा फ्लस भएको सार्वजनिक ढल शौचालय प्रयोग गर्ने घरपरिवार ३०९ (३.२१ प्रतिशत) र सवैभन्दा कम सर्वाजनिक शौचालय प्रयोग गर्ने घरपरिवार २० (०.२० प्रतिशत) रहेका छन । अझै पनि यस नगरपालिकामा शौचालय नै नभएका घरपरिवार संख्या ७१२ (७.४० प्रतिशत) रहेको छ ।




## ३.२ बसाई सराईको अवस्था :

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरुमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ । तराईका जिल्लाहरुमा बसाईसराईको इतिहास वि.सं. २०१९ साल देखि प्रारम्भ भएको मान्न सकिन्छ । यस माहाकाली नगरपालिकामा छिमेकी नगरपालिका/गाउँपालिका एवं जिल्लाबाट बसाई सराई गर्ने गरेको देखिन्छ । विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ । यसरी बसाई सरी जानु/आउनुका विभिन्न कारणहरु छन् । तिमध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन् । यस नगरको मलिलो माटो, खेति, व्यापार, शिक्षा र स्वास्थ्य जस्ता सुविधाहरू पहाडको तुलनामा सुलभ र सस्तो हुनाले समेत विशेषत: छिमेकी पहाडी जिल्लाका साथै बाहिरी जिल्लाहरूबाट समेत बसाइसराई तिब्र भएको पाइएको छ । नगरको जनसंख्या बृद्धिको कारकतत्वका साथै विकास व्यवस्थापनका लागि चुनौती दिने मुल कारकतत्व समेत बसाइसराई नै बन्न पुगेको देखिन्छ । बेरोजगारीको समस्या नगरको विकराल समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत नगरबाट बढ्न थालेको छ । खुला सिमानाको उपयोग गर्दै निर्वाधरुपले भारत आवतजावत गर्न सकिने हुँदा निश्चित रुपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरूको संख्या निकै ठुलो रहने गरेको छ ।

## ३.३ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण :

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न निश्चित कानूनी प्रकृयाहरु पालना गर्नु पर्ने हुन्छ । नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनीनी प्रकृया पालना गर्नु पर्ने हुन्छ । जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ । जसको आधिकारीक प्रमाणपत्र सरकारले उपलब्ध गराउँछ । संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ । त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो । यसबाट राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो । कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ । यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ ।


| न.पा. | जन्म | | | | मृत्यु | | | | सम्वन्ध विच्छेद | विवाह | वसाई सरी आएको | | वसाई सरी जाने | | वेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | तेश्रो लिङ्गी | जम्मा | पुरुष | महिला | तेश्रो लिङ्गी | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्य को संख्या | जम्मा | |
| दो.चा.न.पा. | ७१६ | ६५५ | ० | १३७१ | १९९ | १६२ | ० | ३६१ | १८ | ४८२ | १३८ | ४२६ | ७७ | २०७ | ० | २४४७ |


श्रोत : दोधारा चादनी नगरपालिका कार्यालय

# खण्ड ४ : भू-उपयोग

## ४.१ नगरपालिकाको भू-उपयोगको विवरण

| साविक गा.वि.स. | कृषि (वर्ग मिटर) | आवासीय ( वर्ग मिटर) | व्यवसायिक (वर्ग मिटर) | सांस्कृतिक तथा पुरातात्विक (वर्ग मिटर) | वन (वर्ग मिटर) | नदि, खोला, सिमसार, ताल (वर्ग मिटर) | सार्वजनिक (वर्ग मिटर) | औद्योगिक ( वर्ग मिटर) | अन्य ( वर्ग मिटर) | जम्मा (वर्ग मिटर) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| चांदनी | ३९६४२१२.३५ | १५४२८४१६.८९ | २६६६६४७.६५ | ६०८.९३ | १०९९२०७.४३ | ६३९४१७८.३ | ४२२५२६.३८ | ० | ४४६७.९८ | २९९८०२६५.९१ |
| दोधारा | ६१९५०००.६१ | १५१५२७४२.९६ | २०५१५५९.१७ | ६२८२.५६ | १७४४०७९.७७ | २१४३१७९.४ | ७२४७४४.१३ | ८०८५१.६२ | ० | २८०९८४४०.१९ |



## ४.२ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण :

| क्र.सं. | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र नगरपालिकामा भुकम्प प्रतिरोधात्मक घर कमै मात्रामा भएको, | जुनसुकै समयमा |
| २ | पहिरो | भौगोलिकरुपले विकट तथा नाङ्गा डाँडा पाखाहरु तथा भुकम्प प्रभावित भीर पाखाहरुमा पहिरो जाने गरेको । | असार–असोज |
| ३ | बाढी | नगरपालिकामा विशेषतः साना ठुला नदि/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी कटान गरि क्षति पुर्‍याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ४ | आगलागी | अग्नी नियन्त्रण यन्त्रको अभाव, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको । साथै लापरवाहीबाट वनमा डढलो लगाउने गर्दा । | चैत्र–जेष्ठ |
| ५ | महामारी | बाढी पश्ंचात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव । | विपद् पछि, अन्य समयमा |
| ६ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ७ | मौसमी चिसो | चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न वस्ती बढी प्रभावित | पुस –माघ |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरु | असार –भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ नगरपालिकामा अर्थतन्त्रको संरचनात्मक स्वरुप :

नगरपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, साना उद्योग, सेवामुलक व्यवसायहरु, नोकरी, व्यापार (थोक, खुद्रा बजार), होटल, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ । उपयुक्त हावापानी भएको यस नगरपालिकाका कतिपय स्थानहरुमा कृषिको लागि उपयुक्त उर्वर माटो रहेको छ । नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन् । नगरपालिकाका सबै वडाहरुमा सडक सञ्जालको क्रमिक विकासको कारण पहुँच सहज बनाएको छ । त्यसैगरी नगरपालिकामा विद्यमान रहेको प्राविधिक शिक्षा, कृषि पर्यटनको विकास, सुन्दर प्राकृतिक बनावट वनजंगल तथा जैविक विविधताले नगरपालिकाको विकासमा थप सम्भावना बोकेका छन् । मिल, फर्निचर उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन् । विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्वलगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू नगरपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन्

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था :

आर्थिक रुपले सक्रिय जनसंख्याको अवस्था (दश वर्ष र सो भन्दा माथी)

| **कूल जनसंख्या** | **आर्थिक रुपले सक्रिय** | | **रोजगार** | | **वेरोजगार** | | **सधै सक्रिय नहुने** | | **आर्थिक रुपमा सक्रिय नभएका** | | **आर्थिक क्रियाकलाप शुरु नगरेका** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| ३४३६० | १४४४८ | १९९१२ | ८२५३ | १२०९९ | २७६ | २३९ | ३४६४ | ४५८६ | २४४२ | २९७६ | १३ | १२ |

दोधारा चांदनी नगरपालिका कार्यालय

नगरपालिकामा १० वर्ष देखि माथीका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ । जसमा पुरुषको संख्या १४४३८ (४२.०१ प्रतिशत), महिलाको संख्या १९९१२ (५७.९५ प्रतिशत) देखिन्छ ।

## ५.३ कृषि

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन् । कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ । कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा

लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीय स्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मन्त्रालय र केन्द्रीत तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ । यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको सहि सदुपयोग नहुनु र युवा रोजगारीका कार्यक्रम नहुनु, कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारणहरु हुन् ।

नगरपालिकाको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि प्रशस्त मात्रामा उपयोगी क्षेत्र रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ । नगरमा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ

(क) हिउँदे बाली

नगरमा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा फापर, जौ, उखु, मसुरो, चना, अरहर, मास, गहत, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, हिउँदे तरकारी, आलु, मसला बाली रहेका छन् ।

(ख) वर्षे बाली

नगरपालिकाका प्रमुख वर्षे बालीहरुमा धान, मकै, फापर, दलहन, भटमास, मास, मुग, गहत, अन्य तरकारी, वर्षे तरकारी, आलु, फलफूल, कागती निबुवा, केरा, मसला बाली, अदुवा छन् ।

### ५.३.१ कृषि बालीमा लाग्ने रोग

नगरपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिन, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन् । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ व्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, |

| | | | |
|---|---|---|---|
| | | | खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरु, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

### ५.३.२ बाली पात्रो

| क्र.सं. | बाली | बाली लगाउने समय | बाली भित्र्याउने समय |
|---|---|---|---|
| १ | धान वर्षे | जेष्ठ/ आषाढ | असोज / कार्तिक |
| २ | मकै वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| ३ | मकै बसन्ते | माघ / फागुन | जेष्ठ / वैशाख |
| ४ | गहुँ | कार्तिक / मंसिर | चैत्र / वैशाख |
| ५ | तोरी | असोज / कार्तिक | माघ / फागुन |
| ६ | आलु | असोज / कार्तिक | माघ / फागुन |
| ७ | मसुरो | कार्तिक / मंसिर | फागुन / चैत्र |
| ८ | उखु | माघ / फागुन | पौष / माघ |
| ९ | चना | असोज / कार्तिक | फागुन / चैत्र |
| १० | मकै हिउँदे + तोरी | असोज / कार्तिक | पौष / माघ |
| ११ | सुर्यमुखी | माघ / फागुन | जेष्ठ / आषाढ |
| १२ | तरकारी वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| १३ | तरकारी हिउँदे | भदौ / असोज | मंसिर / फागुन |
| १४ | तरकारी बसन्ते | पौष / माघ | वैशाख / आषाढ |

### ५.३.३ मुख्य बजार क्षेत्रको र कृषि बजारीकरण विवरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरण प्रचलन विकास

हुन थालेको छ । नगरपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका विभिन्न ढाँचाहरु अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुर्‍याएका छन् । कृषि उपज बजारीकरणका ढाँचाहरुले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका भने पक्कै छन् । नगरपालिकामा विभिन्न हाटबजारहरुबाट कृषि लगायत अन्य वस्तुहरुको ( तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ । यस नगरपालिकामा रहेका कृषि बजार केन्द्रहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| क.सं. | बजारको नाम | कारोबार हुने मुख्य वस्तुहरु | हाट बजार लाग्ने मुख्य दिन | वडा नं |
|---|---|---|---|---|
| १ | स्याउले बजार | दैनिक उपभोग्य वस्तु | | १ |
| २ | चक्की बजार | दैनिक उपभोग्य वस्तु | | १ |
| ३ | चाँदनी हाट बजार | दैनिक उपभोग्य वस्तु | मंगलबार र शुक्रबार | ४ |
| ४ | हेल्थपोष्ट | दैनिक उपभोग्य वस्तु | | ६ |
| ५ | कमलसा हाट बजार | दैनिक उपभोग्य वस्तु | सोमबार र बिहिबार | ७ |
| ६ | अम्बिका हाट बजार | दैनिक उपभोग्य वस्तु | | ९ |

### ५.३.४ कृषि पकेट क्षेत्रको बिबरण

| क. सं. | व्यबसायिक पकेट क्षेत्र | पकेट क्षेत्र | पूर्वाधार सुविधा विजुली, सिंचाई, बजार सुविधा छ/छैन |
|---|---|---|---|
| १ | तरकारी पकेट | दोधारा चांदनी न.पा.का सबै वडाहरु | मध्यम |
| २ | मसला बाली पकेट | दोधारा चांदनी न.पा. | मध्यम |

दोधारा चांदनी नगरपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ । कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस नगरमा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रुपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ ।

### ५.३.५ जग्गाको उर्वराशक्ति

नगरपालिकाको ठूलो क्षेत्रफल समथर भू-भागले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ । विगतमा दोधारा चांदनी नगरपालिकामा रहेका उर्वरा क्षेत्र क्रमश बस्ती विस्तारको प्रभावसंगै उर्वरभूमि

सागुरिदै गएको देखिन्छ । नगरको समथर भू-भागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ ।

## ५.४ सिंचाइ

नगरपालिकामा सतह एवं भूमीगत जल सिंचाईको स्रोत पर्याप्त मात्रामा रहेको छ । कृषिको लागि उर्वर माटो भएको र नगरमा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ ।



## ५.५ पशुपालन

नगरपालिकामा विशेषगरी गाई, भैंसी, बाखा, सुँगुर, कुखुरा नै यहाँका मुख्य घरपालुवा जनावर हुन । यसबाट नगरपालिकाबासीहरुको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ । पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरु लगायतका कृषिजन्य उद्योगहरु रहेका छन । त्यस्तै गरि भेटेनरी सेवा पनि नगरमा उपलब्ध रहेको छ । नगरपालिकामा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ ।

### ५.५.१ पशु नश्ल

नगरमा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, बाखा, भेंडा र बंगुर रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको

पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाख्रा र बंगुरतर्फ उन्नत जातका भालेहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरुले अपेक्षाकृत बढी उत्पादक जनावरहरुको आहारा खाई दिने हुँदा सबै न्यून उत्पादक जनावरहरुलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्दा उचित हुन्छ । तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउमा विकसित गर्ने हुने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ ।
सारांशमा, विगतका वर्षहरुमा नगरपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणत्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ । पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पूँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ५.५.२ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षी पालन यस नगरपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ । नगरमा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन् । नगरपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत, पिपिआर, स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस नगरमा त्यत्तिकै रहेको पाइन्छ । यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवतजावत र आयत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ । यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास गरेको देखिन्छ ।
जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस नगरपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ । तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेका छन् । नगरमा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत नगरपालिकाका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ । सामान्यतया पशुपंक्षीमा भने ठूलो महामारी फैलिएको पाइँदैन । तथापी यहाँका पशुहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

### ५.५.३ नगरपालिकामा दुग्ध बजारीकरण

दोधारा चांदनी नगरपालिकामा पशुपालन एक प्रमुख पेशाको रुपमा रहि आएको छ । दुग्ध विकासको कुरा गर्दा साइकल र मोटरसाइकलबाट दुध ल्याएर बेच्ने चलन छ र धेरै कृषकहरूले आफै नै घर घर वा पसल पसलमा नै लगेर बेच्ने गर्दछन । यसरी बेच्दा दुधको गुणस्तर नाप ल्याक्टोमिटरबाट गर्ने गरिन्छ र जति बढी ल्याक्टोमिटर उति बढी मुल्य हुने गरेको पाइन्छ । उत्पादित केही दुध स्थानीय बजारमा अवस्थित केही डेरी र मिठाई पसलले प्रयोगमा ल्याएतापनि अन्य घरमा नै विभिन्न किसिमले प्रयोग गरेको पाइन्छ । यस

नगरपालिकामा बार्षिक रुपमा गाईबाट ३.१२ मे.टन दुध उत्पादन हुने गरेको छ भने भैंसी मार्फत ७ मे.टन दुध उत्पादन हुने गरेको छ ।

### ५.५.४ मासु बजारीकरण

कुखुरा पालन झैं विगतका केही वर्षहरुदेखि बंगुर पालन तथा बाख्रा पालन व्यवसायमा समेत नगरपालिकाले ठूलो फड्को मारेको छ । यति हुँदा हुँदै पनि मासु उत्पादन तर्फ व्यवसायिकताको खाँचो रहेको छ । नगरपालिकाको हकमा यसका मुख्य दुईवटा कारणहरु आधारभूत भौतिक पूर्वाधारहरुको कमी तथा पशुपंक्षी पालन प्रयोजन रहेका छन् । मासुको बढ्दो माग, उपभोक्ताको बढ्दो क्रयशक्ति, फस्टाउँदो पर्यटन व्यवसाय, नगरमा संचालित परियोजनाहरुले गर्दा मासुको माग दिन प्रतिदिन बढेको छ । यसको शुरुवातको मोडेल बंगुरको मासु व्यवसायीकरणबाट गर्न सकिन्छ । बंगुर पालनको आधार नै व्यवसायिकता हो; कृषकले वैज्ञानिक पद्धतिका खोर बनाउने देखि यसको प्रजनन, आहारा, स्वास्थ्य तथा बजार व्यवस्थापन तर्फ कृषकहरु सजग रहेको पाईन्छ । यस नगरपालिकामा वार्षिक रुपमा राँगाबाट ०.१७ मे.टन., बाख्रा/खसी/बोकाबाट ३.१९ मे.टन., बंगुर/सुँगुरबाट ०.०६ मे.टन र कुखुराबाट ५.१३ मे.टन मासु उत्पादन हुने गरेको पाइन्छ ।

## ५.६ व्यापार तथा उद्योगको विवरण

यस नगरपालिका मार्फत् विभिन्न पहाडी जिल्लाहरूसँगको व्यापार समेत हुने गरेको छ । यहाँ विभिन्न हाट बजारहरु व्यापार व्यवसायका लागि प्रशिद्ध रहेका छन् । यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ । यसैगरी, दोधारा चांदनी नगरपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ । थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल अन्य पहाडी तथा तराईका जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ । यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरपालिकाबाट हुने गरेको पाइन्छ ।
ठूलो भूमिमा विस्तार भएको समथर जमिन, कृषि तथा वनजन्य कच्चा पदार्थहरुको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्वका स्थलहरुको उपलब्धता लगायतका विभिन्न कारणले नगरमा औद्योगिक विकासको राम्रो सम्भावना रहेको छ । दोधारा चांदनी नगरपालिकाका अधिकांश बासिन्दाहरु कृषि पेशामा आवद्ध भएका छन् । विशेषगरी यस क्षेत्रका मानिसहरु उल्लेखनीय रुपमा औद्योगिक विकासतर्फ लागीसकेका छैनन् ।

## ५.७ थोक तथा खुद्रा व्यापार

यस नगरपालिकाको स्थानिय स्तरमा थोक तथा खुद्रा विक्री हुने गरेको छ । थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी, फलफुल, माछा, गेडागुडी तथा मसला आदि हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ । यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो

मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरबाट हुने गरेको पाइन्छ ।

### ५.७.१ निकासी पैठारी स्थिति

नगरपालिकाबाट बाहिर निकासी हुने वस्तुभाउहरूमा तयारी खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, चाउचाउ, प्लास्टीक व्याग, पाइप, रेडीमेट कपडा, इन्धन, विस्कुट, साबुन, निर्माण सामाग्री, लत्ता कपडा र दैनिक उपभोग्य वस्तुहरू छन् । आयात गरिने वस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा, मसलाहरू, मैदा, मिश्रि, फलफुल तथा तरकारी रहेका छन् ।

### ५.७.२ ढुवानी तथा भण्डार व्यवस्था

नगरपालिकाभित्र उत्पादित मालसामानहरू नगरपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधनको रुपमा स्थानिय ३ वटा ट्याक्सीहरुको प्रयोग हुने गरेको छ । नगरपालिकाको पक्की सडक नभएका क्षेत्रहरुमा ढुवानी गर्न समस्या भएको पाइन्छ । कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण विशेष वर्षातको समयमा आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोरुपमा रहेको छ । नगरपालिकाको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरुमा पुल निर्माण गर्नुपर्ने देखिन्छ ।
नगरपालिकामा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा जम्मा गरी ठूलो परिमाणमा विक्रि गर्दछन् । नगरपालिकाका कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ ।

### ५.७.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय उद्योगहरूबाट उत्पादित वस्तुहरू चामल, तेल, दाल, पिठो, फलफुल तथा तरकारी सम्बन्धी उद्योगहरूको अन्य जिल्ला, भारतिय सामाग्री र सदरमुकामको बजारसँग प्रतिस्पर्धा गर्नु परिरहेको छ ।
उद्यमशीलता, सिप विकास, बजारीकरण, सेवा कर्जा बजारको सुचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट नगरपालिकामा रोजगारी बढाउने, उद्योग व्यवसायमा बृद्धि गर्ने उद्देश्य पूर्ति गर्न यस नगरपालिका लागि परेको छ । नगरपालिकामा उद्योग व्यवसाय गर्ने एवं सिपमुलक तालिम गरी स-साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सुचना भएको र नगरपालिकामा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिनेहरूको संख्या पर्याप्त रहेको देखिन्छ ।

### ५.७.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

नगरपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन् । यी कच्चा पदार्थहरूमा आधारित विभिन्न उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको

पाइन्छ । व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी, काष्ठजन्य वस्तुहरु व्यापारीहरूले अन्य नगरहरुबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ ।

क) कृषि जन्य पदार्थ

नगरपालिकामा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, फलफुल आदि प्रमुख छन् । यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल, उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य नगरपालिका तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ ।

ख) वनजन्य

वन जंगलमा आधारित कच्चा मालमा साल, सिसौ, खयर र बाँस हो । साल, सिसौका काठहरु छिमेकी नगरपालिका/गाउँपालिका मा निर्यात गर्ने गरेको पाइन्छ । नगरमा उत्पादीत बाँसको प्रयोग उद्योगको रुपमा भएको पाइँदैन तर कृषकहरूले आफ्नो घरायसी प्रयोगमा अत्याधिकरुपमा प्रयोग गरेको पाइन्छ ।

### ५.७.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण

- कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने वस्तु, दाल, चामल, तेल, पिठो, मसाला, आदिले स्थानीय बजारको आवश्यकता पुर्ति गर्नुको साथै यिनले अन्य नगरपालिका तथा छिमेकी जिल्लाहरुको बजारको रुपमा सेवा समेत पुर्याइरहेका छन् ।

- इटा, क्रसर, ग्रिल, काष्ठ सम्बन्धि उद्योगहरू नगरपालिकाको बढ्दो शहरीकरणका कारण स्थानीय बजारको आवश्यकता पूर्ति गर्नका साथै अन्य छिमेकि नगरपालिका तथा जिल्लाहरुको बजारमा समेत सेवा पुर्‍याएको देखिन्छ ।

## ५.८ अन्य आर्थिक विकासका सम्भावनाहरू

नगरपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, वैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन् ।
समग्रमा यस नगरपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ । नगरपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन । जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भानाहरू रहेको छ ।
नगरपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन

र उत्पादकत्वमा ह्रास आएको देखिन्छ । जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ति बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा वस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ ।

नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ । जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।

यस नगरमा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ ।

नगरपालिकामा भएका नदिहरूलाई माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ । माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई नगर कै माछाले बजार लिने सम्भावना रहेको छ ।

नगरमा ओगटेका वन क्षेत्रहरु सालको वन, तराई हाइउड, खयर, सियौ, पाइन, चिरलगायतको उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ । यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ । कृषी, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, नगरपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिनको कमी रहेको छ ।

नगरपालिकाका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ ।

नगरपालिकाको नजिकमा रहेका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ । नगरको आसपासमा पर्यटकीय होटेल व्यवसायहरुबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ ।

नगरपालिकामा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस नगरपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा नगरपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ ।

## ५.९ नगरपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

नगरपालिकाको अर्थतन्त्रमा वनपैदावर र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ । साथै यो नगर व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ । कृषि, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, नगरपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिनको कमी रहेको देखिन्छ । कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (:भमष्अबा तयगचष्क०) समेतको विकासको सम्भावना रहेको छ । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा नगरको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ ।

## ५.१० बैंकको विवरण

नगरमा उद्योग व्यापार लगानी गर्न वित्तीय संस्थाहरु वाणिज्य बैंकहरु मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ। यसबाहेक नगरमा संचालित अन्य बैंकहरुले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने नगरबासीहरुसँग रहेको रकमलाई निक्षेपको रुपमा स्विकार गरी बचत पनि गर्दै आएका छन्। नगरमा संचालित ४ बैंकहरुको विवरण निम्न बमोजिम रहेको छ।

वैंकहरुको विवरण

| क्र.सं. | बैंकको नाम |
|---|---|
| १ | कुमारी बैंक |
| २ | कृषि विकास बैंक |
| ३ | एन.आई.सी.एशिया बैंक |
| ४ | सनराईज बैंक |

# खण्ड ६ : सामाजिक पूर्वाधार तथा सेवा

## ६.१ शिक्षा

देशको आर्थिक, सामाजिक, राजनैतिक लगायतका विकासमा शिक्षाले अहम भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा पनि लिइन्छ। यसै सन्दर्भमा दोधारा चांदनी नगरपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ । विकासको प्रारम्भिक आधारविन्दु शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको प्रस्फुटन हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। योजना निर्माण, गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक सशक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ । राज्यको नीति समेत शिक्षालाई विकासको प्रमुख पूर्वाधारको रुपमा विकसित, सर्वसुलभ र प्रभावकारी बनाउँदै लैजाने रहेको छ। नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षा सम्बन्धी हक मा देहायबमोजिमको व्यवस्था गरिएको छ :

प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
- अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

शिक्षा क्षेत्रको परिसुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरुप यस नगरपालिकामा आ.व. २०८०/०८१ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण अनुसार नगरपालिकामा सामुदायीक विद्यालय तर्फ २२ वटा र संस्थागत विद्यालय तर्फ २० वटा विद्यालयहरु गरी जम्मा ४२ वटा विद्यालयहरु संचालनमा रहेका छन् । त्यसै गरी एउटा क्याम्पस रहेको छ जसमा स्नातक तहसम्मको पठन पाठन भई रहेको छ । संचालित विद्यालयको विवरण तलको तालिकामा राखिएको छ।

**(क) सामुदायिक विद्यालयको विवरण**

| क्र.सं. | वि.को.नं. | विद्यालयको नाम | प्रअको नाम | फोन नं. |
|---|---|---|---|---|
| १ | ७२००३०००१ | श्री शारदा सरस्वती मावि | श्री कृष्ण ब. चन्द | ९८४८८०९०३५ |
| २ | ७२००३०००२ | श्री महाकाली आदर्श मावि | श्री खगेन्द्र प्र. भट्ट | ९८४८९९८८५५ |
| ३ | ७२००३०००३ | श्री शंकर पार्वती मावि | श्री देविदत्त भट्ट | ९८०६४९४२३२ |
| ४ | ७२००३०००५ | श्री पशुपती आवि | श्री गोकुलदेव विष्ट | ९८४८७६०७६० |
| ५ | ७२००३०००६ | श्री कालिका आवि | श्री दिपक प्रसाद भट्ट | ९८४८८८६५८८ |
| ६ | ७२००३०००७ | श्री पूर्णा आवि | श्री तेजराज जोशी | ९८६५६३४२९४ |

| | | | | |
|---|---|---|---|---|
| ७ | ७२००३०००८ | श्री गणेश आवि | श्री शुक्र सिंह चाड | ९८४८७४२४०९ |
| ८ | ७२००३०००९ | श्री पूर्णागिरी आवि चाँदनी | श्री गणेश सिंह रावल | ९८०९४४९४५६ |
| ९ | ७२००३००१० | श्री जमुना आवि | श्री महादेब भट्ट | ९८४८८१४३७६ |
| १० | ७२००३००११ | श्री मालिका आवि | श्री कृष्णराम सुनार | ९८४८७२४८२२ |
| ११ | ७२००६०००१ | श्री भानु मावि | श्री यज्ञराज पण्डित | ९८४८७५५९५७ |
| १२ | ७२००६०००२ | श्री लक्ष्मी मावि | श्री राधिका भट्ट | ९८४८७२४०१४ |
| १३ | ७२००६०००३ | श्री अम्विका मावि | श्री दिल ब. सिंह | ९८६८६९७०३५ |
| १४ | ७२००६०००४ | श्री राष्ट्रिय आवि | श्री कुम्भ सिंह धनाडी | ९८०६४२८९९० |
| १५ | ७२००६०००५ | श्री ओमकार आवि | श्री दिपक चन्द्र ओझा | ९८४८७२१०२९ |
| १६ | ७२००६०००६ | श्री जनज्योती मावि | श्री अमर ब. बिक | ९८६५८६७३९५ |
| १७ | ७२००६०००७ | श्री भैरव आवि | श्री भीम ब. बिष्ट | ९८०६४७४९८९ |
| १८ | ७२००६०००८ | श्री कमलशा आवि | श्री मदन राज कलौनी | ९८६३६१२५५२ |
| १९ | ७२००६०००९ | श्री सृजना आवि | श्री चन्द्र सिंह बिष्ट | ९८६८७२९५९१ |
| २० | ७२००६००१० | श्री पूर्णागिरी आवि दोधारा | श्री परमानन्द भट्ट | ९८४८७२३०६५ |
| २१ | ७२००६००१७ | श्री हरिओम आवि | श्री कुश ब. बुढा | ९८१०६९३५९७ |
| २२ | ७२००६००१८ | श्री नवयुग आवि | श्री निर्मल कु सुनार | ९८४१६७०५८२ |

**(ख) संस्थागत विद्यालयको विवरण**

| क्र.सं. | वि.को.नं. | विद्यालयको नाम | प्रअको नाम | फोन नं. |
|---|---|---|---|---|
| १ | ७२००३००१२ | श्री कञ्चन लि बो स्कुल | श्री उषा क्षेत्री | ९८०९४३९००० |
| २ | ७२००३००१३ | श्री नोबेल एकेडेमी | श्री अर्जुन कुँवर | ९८०६४६८४८७ |
| ३ | ७२००३००१४ | श्री पशुपती इ बो स्कुल | श्री मदन राज गिरी | ९८१२७९१२६३ |
| ४ | ७२००३००१५ | श्री लिटिल स्टार इ स्कुल | श्री भक्त ब सुनार | ९८०६४१४८५८ |
| ५ | ७२००३००१६ | श्री न्यु.सनसाइन इस्कुल | श्री अर्जुन धनाडी | ९८४८७८१६३२ |
| ६ | ७२००३००१७ | श्री धुर्वतारा पब्लिक स्कुल | श्री कुशाल साँउद | ९८१२७०९८१४ |
| ७ | ७२००३००१८ | श्री हिमालयन एकेडेमी | श्री गंगा दत्त अवश्थी | ९८०५७४७७७३ |
| ८ | ७२००३००१९ | श्री चाँदनी वाल विद्यालय | श्री रघुबिर जोशी | ९८००६७१७१२ |
| ९ | ७२००३००२२ | श्री इलाइट बो स्कुल | श्री ललित मोहन भट्ट | ९८०५७४६०२१ |
| १० | ७२००३००२३ | श्री सगरमाथा इ स्कुल | श्री राज पुजारा | |
| ११ | ७२००३००२४ | श्री सावलिन इ बो स्कुल | श्री जय सिंह धामी | ९८०६४४९८९८ |
| १२ | ७२००६००१२ | श्री ओम पुष्पाञ्जली स्कुल | श्री ओम ब पुन | ९८०६४११३७३ |
| १३ | ७२००६००१३ | श्री युनिक सनराइज स्कुल | श्री सुमित्रा खड्का | ९८०६४४२७७७ |
| १४ | ७२००६००१४ | श्री न्यु गार्डन इ स्कुल | श्री सुरज ब थापा | ९८०६४२४०८५ |
| १५ | ७२००६००१५ | श्री एशियन स्टार इ स्कुल | श्री रजनी राना | ९८१२७०३६८८ |
| १६ | ७२००६००२० | श्री आदर्श प स्कुल | श्री राजेन्द्र मल्ल | ९८०६४९३५९२ |
| १७ | ७२००६००२१ | श्री नोभाइस हेभन इ स्कुल | श्री थिर ब खत्री | ९८०६४४२३१४ |
| १८ | ७२००६००२२ | श्री सुदूरपश्चिम एकेडेमी | श्री प्रभुराज बिष्ट | ९८०६४०९८७२ |
| १९ | ७२००६००२३ | श्री नवोदय एजुके. फाउन्डे. | श्री निलम राना | ९८१२७१४०६९ |
| २० | ७२००६००२४ | श्री न्यु भिजन इ स्कुल | श्री सुनिता गिरी | ९८०६४७९१७५ |

### ६.१.१. साक्षरता स्थिति

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा दोधारा चांदनी नगरपालिकाको शैक्षिक गुणस्तर सन्तोषजनक रहेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकाको साक्षरता दर ७९.२४ प्रतिशत रहेको छ। लैंगिक हिसाबले यो नगरपालिकामा पुरुषको साक्षरता दर ८७.८० प्रतिशत रहेको छ भने महिलाको साक्षरता दर ७२.७५ प्रतिशत रहेको छ । पुरुष र महिलाको साक्षरता दरमा लगभग १५.०५ प्रतिशतको फरक देखिन्छ । १० वर्ष अगाडी अर्थात २०६८ को राष्ट्रिय जनगणनासंग तुलना गर्ने हो भने सकारात्मक नतिजा देखिएको छ । जसलाई तलको तालिकामा तुलना गरिएको छ ।

| राष्ट्रिय जनगणना | कूल साक्षरता दर (प्रतिशत) | पुरुष साक्षरता दर (प्रतिशत) | महिला साक्षरता दर (प्रतिशत) |
|---|---|---|---|
| २०६८ | ७१.२७ | ८२.६५ | ६१.८५ |
| २०७८ | ७९.२४ | ८७.८० | ७२.७५ |

५ वर्ष माथीको उमेर समूहको साक्षरता विवरण तलको तालिकामा राखिएको छ ।

| वडा नं. | लिङ्ग | जनसंख्या | पढन र लेख्न सक्ने | पढन मात्र सक्ने | पढन र लेख्न नसक्ने | उल्लेख नभएको | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|
| जम्मा | जम्मा | ३८८०५ | ३०७४८ | ८१ | ७९६३ | १३ | ७९.२४ |
| | पुरुष | १६७२७ | १४६८७ | ३६ | १९९६ | ८ | ८७.८० |
| | महिला | २२०७८ | १६०६१ | ४५ | ५९६७ | ५ | ७२.७५ |
| १ | जम्मा | ४६११ | ३६५९ | ८ | ९४४ | ० | ७९.३५ |
| | पुरुष | २०५५ | १८२२ | ५ | २२८ | ० | ८८.६६ |
| | महिला | २५५६ | १८३७ | ३ | ७१६ | ० | ७१.८७ |
| २ | जम्मा | ३८०२ | २९३२ | १५ | ८५५ | ० | ७७.१२ |
| | पुरुष | १६७२ | १४७५ | ६ | १९१ | ० | ८८.२२ |
| | महिला | २१३० | १४५७ | ९ | ६६४ | ० | ६८.४० |
| ३ | जम्मा | ४५२१ | ३४२९ | १४ | १०७७ | १ | ७५.८५ |
| | पुरुष | १८५० | १५९० | ८ | २५१ | १ | ८५.९५ |
| | महिला | २६७१ | १८३९ | ६ | ८२६ | ० | ६८.८५ |
| ४ | जम्मा | ४२८१ | ३२९२ | १ | ९८५ | ३ | ७६.९० |
| | पुरुष | १९०७ | १६४६ | ० | २५९ | २ | ८६.३१ |
| | महिला | २३७४ | १६४६ | १ | ७२६ | १ | ६९.३३ |
| ५ | जम्मा | २२९० | १९२० | ५ | ३६२ | ३ | ८३.८४ |
| | पुरुष | ९९८ | ९१९ | २ | ७७ | ० | ९२.०८ |
| | महिला | १२९२ | १००१ | ३ | २८५ | ३ | ७७.४८ |
| ६ | जम्मा | ३६१० | २९७८ | ७ | ६२५ | ० | ८२.४९ |
| | पुरुष | १५२६ | १३८१ | २ | १४३ | ० | ९०.५० |
| | महिला | २०८४ | १५९७ | ५ | ४८२ | ० | ७६.६३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | **जम्मा** | ५१७७ | ४१६८ | १७ | ९९१ | १ | ८०.५१ |
| | **पुरुष** | २१६६ | १८९१ | ६ | २६८ | १ | ८७.३० |
| | **महिला** | ३०११ | २२७७ | ११ | ७२३ | ० | ७५.६२ |
| ८ | **जम्मा** | ३२२२ | २५८८ | ६ | ६२४ | ४ | ८०.३२ |
| | **पुरुष** | १४३६ | १२४१ | ४ | १८८ | ३ | ८६.४२ |
| | **महिला** | १७८६ | १३४७ | २ | ४३६ | १ | ७५.४२ |
| ९ | **जम्मा** | ३६२७ | २९०९ | ३ | ७१४ | १ | ८०.२० |
| | **पुरुष** | १५९० | १३९२ | १ | १९६ | १ | ८७.५५ |
| | **महिला** | २०३७ | १५१७ | २ | ५१८ | ० | ७४.४७ |
| १० | **जम्मा** | ३६६४ | २८७३ | ५ | ७८६ | ० | ७८.४१ |
| | **पुरुष** | १५२७ | १३३० | २ | १९५ | ० | ८७.१० |
| | **महिला** | २१३७ | १५४३ | ३ | ५९१ | ० | ७२.२० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*




राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकाको ५ वर्ष भन्दा माथी उमेर समूहको जनसंख्या ३८,८०५ रहेको छ जस मध्ये पुरुष ४३.१० प्रतिशत (१६,७२७ जना) र महिला ५६.९० प्रतिशत (२२,०७८ जना) रहेका छन् । राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकाको साक्षरता दर ७९.२४ रहेको छ । जस मध्ये पुरुष साक्षरता दर ८७.८० र महिला साक्षरता दर ७२.७५ रहेको छ । ५ वर्ष भन्दा माथी उमेर समूह अन्तर्गत अझै पनि पढ्न र लेख्न नसक्नेको जनसंख्या ७,९६३ रहेको छ । जसमा पुरुषको संख्या १,९९६ र महिलाको संख्या ५,९६७ रहेको छ ।

## ६.१.२ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु : विद्यार्थीहरु प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।
- कक्षा दोहोर्‍याउने प्रवृत्ति बढी हुनु : प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोर्‍याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।

- दलित, आदिवासी जनजाति भर्नादर न्यून हुनु : विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।
- दलित, आदिवासी जनजाति विद्यालय छाड्ने दर : नगरको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु : नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिहरुले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- अभिभावकहरु चनाखो नहुनु : बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- शिक्षकहरुमा प्रतिबद्धताको कमी : शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्रायः पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ ।
- आधुनिक प्रविधिको प्रयोग नहुनु : सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्रायः धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन् ।

## ६.२ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस नगरपालिकामा खेलकुदको विकास भएको पाइन्छ । यसको लागि नगरपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ । तर ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार तयार भएको देखिन्छ । विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन् । यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा विभिन्न खेलहरूको आयोजना गर्ने गरिएको छ ।
यस नगरपालिकाले नगरस्तरीय खेलकूद विकास समिति गठन गरिएको छ । उक्त खेलकूद समितिले वार्षिक कार्य योजना वनाई विभिन्न खेलकूदका कार्यक्रमहरुको आयोजना गर्दै आईरहेको छ । यस नगरपालिकामा भएका खेल मैदानहरु तलको तालिकामा देखाईएको छ ।

खेल मैदान विवरण

| क्र.सं. | खेल मैदान | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | चांदनी खेल मैदान | २ | |
| २ | सुन्दरनगर खेल मैदान | ८ | निर्माणाधीन |
| ३ | मदन भण्डारी खेल मैदान | ६ | निर्माणाधीन |
| ४ | पूर्णागिरी टोल खेल मैदान | ३ | |
| पार्क | | | |
| १ | संसारीमाई सामुदायिक वन पिकनिक स्पोट | ७ | |
| २ | ईन्द्रा सामुदायिक वन पिकनिक स्पोट | ५ | |
| ३ | कमलशा सामुदायिक वन पिकनिक स्पोट | २ | |

| | | | |
|---|---|---|---|
| ४ | झोलुङ्गे पुल नजिकको पार्क | ४ | |

### ६.२.१ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ बमोजिम समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा,दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त अपाङ्गता भएका नागरिकहरु एवंम दलित बालबालिकाहरुले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्ने व्यवस्था गरेको छ । यसै अनुरुप दोधारा चांदनी नगरपालिकामा विभिन्न श्रेणीका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरीएको छ । यस नगरपालिकामा आ.व. ०८०/०८१ सम्मको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको संख्यात्मक विवरण यस प्रकार रहेको छ ।

| अन्य जेष्ठ नागरिक भत्ता | जेष्ठ नागरिक भत्ता (दलित) | जेष्ठ नागरिक एकल महिला | विधवा (आर्थिक सहायता) | असक्त/ अपाङ्ग (क बर्ग) | असक्त/ अपाङ्ग (ख बर्ग) | दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|
| संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या |
| २०६६ | ७३४ | ३८४ | १०११ | ८९ | २५६ | १३८१ | ५९२१ |

## ६.३ महिला तथा बालबालिका

### ६.३.१ महिला सम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीय रुपमा आउन सकेका छैनन् । महिला सहभागिता, सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता प्रयाप्त रुपमा कायम हुन सकेको देखिँदैन । यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्घ, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदी रहेका छन् । जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिक रुपमा अझै पनि तुलनात्मक रुपमा पछाडी परेको देखिन्छ ।

महिला हक, अधिकार र सशक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकायहरुवाट कामहरू सशक्त रूपबाट भईरहेको छ । नेपालको संविधानमा समेत महिला सम्बन्धी हक सुनिश्चित गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ देहाय बमोजिमको महिलाको हक प्रदान गरिएको छ ।

- प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

### ६.३.२ बालबालिका सम्बन्धी विवरण

अन्तराष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई बालक/बालिका भनिन्छ भने नेपालको बालबालिका सम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिका सम्पूर्ण मानिसहरुलाई बालबालिका हुन् भनेर परिभाषित गरेको छ । बालबालिका भविष्यको कर्णधार हुन् । बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महसुस गरी संयुक्त राष्ट्र संघले सन् १९८९ नोभेम्बरमा बाल अधिकार सम्बन्धी महासन्धी पारित गरेपछि हरेक वर्ष नोभेम्बर २० का दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ । नेपालको संविधान २०७२ ले बालबालिकासम्बन्धी थुप्रै हक अधिकारहरु समेटेको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ देहाय बमोजिमको बालबालिकाको हक व्यवस्था गरेको छ ।

- प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।
- प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।
- प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

- कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।
- कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।
- कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।
- कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।
- प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।
- असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।
- उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

### ६.३.३ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन् । बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ । जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नितीगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ । बालबालिकाहरूलाई समुहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार

राख्ने विषयमा मत व्यक्त गर्नका लागि विभिन्न स्तरका निती तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ ।
व्यक्तिगतरुपमा नगरपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेका छन् । बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा

(१) जन्मदर्ता प्रचारात्मक अभियान
(२) विद्यालय भर्ना अभियान
(३) बालश्रम न्युनीकरण कार्यक्रम
(४) बालसहभागिता अभिबृद्धि कार्यक्रम
(५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम
(६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम
(७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचार प्रसार
(८) वातावरणीय सुधार कार्यक्रम
(९) अभिभावक चेतना शिक्षा कार्यक्रम
(१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम

## ६.४ अपाङ्गताको विवरण

शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न त्वबअजयब रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन् । जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ । नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ । त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ ।
सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिका समेत जारी गरी वितरण गरिरहेको छ । अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वर बोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टि विहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ ।
नेपालको संविधान २०७२ को भाग ३ अन्तरर्गत धारा ३१ को उपधारा (३) मा अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउनेहक हुनेछ र उपधारा (४) मा दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ भने धारा ४२ को उपधारा (३) मा अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ भनी उल्लेख भएको छ ।

यद्यपि अपाङ्गता भएका व्यक्तिहरु परिवार समुदायमा अपहेलित र उपेक्षाको शिकार हुने गरेको पाईन्छ । हामी साम् खुला आकाशमा आफ्नै जीवन बोझ सम्झिएर भौंतारिएका आपाङ्गहरु प्रत्येक दिन बाटोमा अलपत्र अवस्थामा देखिन्छन् । हालसम्म समुदायमा अपाङ्गता भएकाहरुको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ साथै यी अपाङ्गता व्यक्तिहरुको सहभागिता, सुविधा तथा प्रतिनिधित्वको लागि तथा सुस्त मनस्थिति र पूर्ण अशक्तता भएका आमा बाबु वा प्रत्यक्ष रूपमा पालनपोषणमा संलग्न व्यक्ति, अभिभावक वा सरोकारवालाहरुले ध्यान दिनुपर्ने देखिन्छ । दोधारा चांदनी नगरपालिकामा भएको अपाङ्गता सम्बन्धी विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

**अपांगता परिचय पत्र वितरण प्रगति विवरण :२०८१ बैशाख मसान्त**

| | गत आ.व.२०७९।८०सम्मको | | | यस आ.व.२०८०।०८१ बैशाख मसान्त सम्मको | | | हाल सम्मको जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वर्ग | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| क वर्ग | ३४ | ५८ | ९२ | १ | ५ | ६ | ३५ | ६३ | ९८ |
| ख वर्ग | १०३ | १५० | २५३ | ४ | १६ | २० | १०७ | १६६ | २७३ |
| ग वर्ग | ३२ | ५० | ८२ | ८ | २ | १० | ४० | ५२ | ९२ |
| घ वर्ग | ७ | ११ | १८ | ० | १ | १ | ७ | १२ | १९ |
| कुल जम्मा | **१७६** | **२६९** | **४४५** | **१३** | **२४** | **३७** | **१८९** | **२९३** | **४८२** |

## ६.५ शान्ति सुरक्षा

सुरक्षाको प्रत्याभुति देशको संविधानमा सुनिश्चत हुन्छ । संविधानमा उल्लेख भए अनुरुप राज्यले नागरिकलाई सुरक्षित आभास गराउन सक्नु पर्दछ । हरेक राष्ट्रका नागरिकहरुलाई नागरिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो । नागरिकले आफ्नो राज्यमा सुरक्षित महसुस हुन पाउनुपर्छ । यसलाई चुस्त बनाउन नागरिक समाजको पनि त्यतिकै महत्वपुर्ण भुमिका रहन्छ ।

नगरपालिकामा भएका अपराधिक तथा सामाजिक नियम बाहिरका कार्य चोरी डकैती लगायतका अन्य कार्यहरु सुरक्षा निकाय मार्फत समाधान हुने गरेको पाइन्छ । यस नगरपालिकामा वर्षभरिमा कुनै अप्रिय घटना घटेको दर्ता खासै गरिएको देखिएन । नगरपालिकामा सानातिना झैझगडा, कुटपिट, साँध, सिमानामा विवाद, चोरी डकैती, ठगी, घरेलु हिंसा घटनाहरु भएको स्थानीयबासीको भनाई छ । जिल्लामा शान्ति सुरक्षासँग सम्बन्धित निकायहरुमा नेपाली सेना तथा नेपाल प्रहरीका विभिन्न ईकाइहरु रहेका छन् । दोधारा चांदनी नगरपालिकाको शान्ति सुरक्षा तथा सुशासन कायम गर्न विभिन्न सेवा प्रदायक सरकारी तथा गैरसरकारी कार्यालयहरु सञ्चालनमा रहेका छन् । नगरपालिकामा सुशासन विपरीत हुने कार्य लाई रोक्न कार्यरत ईलाका प्रहरी कार्यालय, नेपाल सशस्त्र प्रहरी वल  तथा सम्बन्धित निकायले समाधान गरेको पाईन्छ ।

## ६.६ खानेपानी तथा सरसफाई

नगरपालिका स्वच्छ र सफा हुनुपर्छ । खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो । खानेपानी सुरक्षित नहँदा विभिन्न दुषित तथा असुरक्षित पानी बाट लाग्ने रोगको जोखिम हुन्छ । खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ ।

### ६.६.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण


नगरबासीले खानेपानीमा प्रयोग गरिएको स्रोतको आधारमा यस नगरपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ । सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम न्युनीकरण गर्न सकिन्छ । नगरपालिकामा पिउने पानीको मुख्य स्रोतको रुपमा सबै भन्दा बढी धारा तथा पाइपको प्रयोग गरेको देखिन्छ । नगरमा पिउने पानीको दोस्रो स्रोतकोरुपमा मुल धारको प्रयोग भएको देखिन्छ । विस्तृत विवरण तालिका तथा स्तम्भ चित्रमा उल्लेख गरिएको छ ।

## घरपरिवारले प्रयोग गर्ने खानेपानीको मुख्य श्रोतको विवरण

| खानेपानीको मुख्य श्रोत | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा | जम्मा | धारा/ पाईप ( घर भित्र) | धारा/ पाईप ( घर वाहिर) | ट्यूवेल/ ह्याण्डपम्प | ढाकिएको ईनार/कुवा | नढाकिएको ईनार/कुवा | थोपा पानी | नदि/खोला | जार/वोतल | अन्य |
| १ | १०७८ | २२ | ८ | १०४४ | ० | २ | १ | ० | ० | १ |
| २ | ९३५ | ८ | ११ | ९११ | ० | १ | ० | १ | ० | ३ |
| ३ | १२०० | ९ | २४३ | ९४२ | ० | ३ | ० | ० | ० | ३ |
| ४ | १०९१ | १० | ३ | १०७० | २ | ३ | ० | ० | १ | २ |
| ५ | ५७१ | १० | ६ | ५५२ | ० | १ | ० | ० | ० | २ |
| ६ | ८८० | २३ | १८८ | ६६८ | ० | ० | ० | ० | ० | १ |
| ७ | १२९० | ७ | २२ | १२५६ | १ | २ | २ | ० | ० | ० |
| ८ | ७७१ | ५ | २ | ७६० | ० | १ | ० | ० | ० | ३ |
| ९ | ८८३ | १५ | ५ | ८४८ | ० | ८ | ० | ० | ० | ७ |
| १० | ९११ | ५ | ५ | ८९६ | १ | ३ | १ | ० | ० | ० |
| **जम्मा** | **९६१०** | **११४** | **४९३** | **८९४७** | **४** | **२४** | **४** | **१** | **१** | **२२** |

स्रोत : राष्ट्रिय जनगणना २०७८


राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकामा भएका घरपरिवारले प्रयोग गर्ने खानेपानीको अवस्था हेर्दा सवैभन्दा वढि ट्यूवेल/ह्याण्डपम्प प्रयोग गर्ने घरपरिवार ८,९४७ (९३.१० प्रतिशत), दोश्रोमा घर वाहिर धारा पाईप राखेर खानेपानी प्रयोग गर्ने घरपरिवार ४९३ (५.१३ प्रतिशत), तेश्रोमा घर भित्र धारा पाईप राखेर खानेपानी प्रयोग गर्ने घरपरिवार ११४ (१.१८ प्रतिशत) र सवैभन्दा कम खानेपानीको जार वोतल प्रयोग गर्ने घरपरिवार १ (०.०१ प्रतिशत) रहेका छन ।




## शौचालयको विवरण

| वडा | जम्मा | शौचालयको प्रकार | | | | |
|---|---|---|---|---|---|---|
| | | फ्लस भएको सार्वजनिक ढल | फ्लस भएको सेफ्टीक ट्यांक | खाडल शौचालय | सार्वजनिक शौचालय | शौचालय नभएको |
| १ | १०७८ | ८६ | ६१४ | २५७ | २ | ११९ |
| २ | ९३५ | १२२ | ७१३ | ५६ | ० | ४४ |
| ३ | १२०० | २ | ५१९ | ५११ | ४ | १६४ |
| ४ | १०९१ | ४ | ६९० | ३५५ | २ | ४० |
| ५ | ५७१ | ५३ | ४२० | ७५ | ० | २३ |
| ६ | ८८० | ६ | ४६८ | ३३० | २ | ७४ |
| ७ | १२९० | १२ | ६५२ | ५४५ | ० | ८१ |
| ८ | ७७१ | २ | ४२९ | २६७ | ० | ७३ |
| ९ | ८८३ | १८ | ५५१ | २६९ | १० | ३५ |
| १० | ९११ | ४ | ६३७ | २११ | ० | ५९ |
| **जम्मा** | **९६१०** | **३०९** | **५६९३** | **२८७६** | **२०** | **७१२** |

स्रोत : राष्ट्रिय जनगणना २०७८



राष्ट्रिय जनगणना, २०७८ अनुसार दोधारा चांदनी नगरपालिकामा भएका घरपरिवारले प्रयोग गर्ने शौचालयको अवस्था हेर्दा सवैभन्दा वढि घरपरिवारले प्रयोग गर्ने फ्लस भएको सेफ्टीक ट्यांक भएको शौचालय हो जसका संख्या ५,३९३ (५६.११ प्रतिशत), दोश्रोमा खाडल शौचालय प्रयोग गर्ने घरपरिवार २८७६ (२९.९२ प्रतिशत), तेश्रोमा फ्लस भएको सार्वजनिक ढल शौचालय प्रयोग गर्ने घरपरिवार ३०९ (३.२१ प्रतिशत) र सवैभन्दा कम सार्जनिक शौचालय प्रयोग गर्ने घरपरिवार २० (०.२० प्रतिशत) रहेका छन । अझै पनि यस नगरपालिकामा शौचालय नै नभएका घरपरिवार संख्या ७१२ (७.४० प्रतिशत) रहेको छ ।

## ६.७ फोहोरमैला व्यवस्थापन

नगरपालिकालाई सधैं सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियान संचालन गर्नुपर्ने देखिन्छ । फोहोरमैला व्यवस्थापनका लागि उपकरणहरुको व्यवस्थापन गर्नु अपरिहार्य देखिएको छ । हाल नगरपालिकामा उत्पादित फोहोर आफै व्यवस्थापन गर्ने, खोल्सा खोल्सीमा फाल्ने तथा खाल्टा बनाइ पुर्ने गरेको देखिन्छ ।

नगरपालिकामा फोहोर व्यवस्थापन गर्न ीबलम ँर्षी क्ष्तभ को अध्ययन भएको छ । हाल यस नगरपालिकामा फोहोर व्यवस्थापनमा देखिएका समस्याहरु देहाय बमोजिम रहेको छ :


- फोहोर व्यवस्थापनका नाममा फोहोरहरु खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति यत्रतत्र देखिन्छ । यसरी फालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुर्‍याएर प्रदुषणलाई बिस्तारित गर्दछ ।
- जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ ।
- फोहोरमैला व्यवस्थापन गर्न निम्न कुरामा ध्यान दिनुपर्ने देखिन्छ ।
- भान्छाकोठाबाट निस्केको फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने ।
- कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यक्रम नगरपालिकाले गर्ने ।
- नकुहिने फोहोरलाई पून: बिभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सीसा । यी फोहोरलाई आवश्यकताअनुसार पहिचान गरिसकेकपछि पून प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापन तर्फ जोड दिने । यस नगरपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ बैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्ने

# खण्ड ७ : वन तथा वातावरण

## ७.१ प्राकृतिक वन तथा वनस्पती

नेपालको सुदूरपश्चिम प्रदेशको जिल्ला कञ्चनपुर वन वातावरण जैविक विविधताको दृष्टिकोणले अझापी सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ । कञ्चनपुर जिल्लाको यस दोधारा चांदनी नगरपालिकामा कुल क्षेत्रफल ५६.८४ वर्ग कि.मि. मध्ये १९.९० प्रतिशत वन क्षेत्रको रुपमा रहि आएको छ । जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ ।

यस नगरपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशी अमला, कैँदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, कुम्भी, अशोक, सपेटा । यसै गरी घस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन् ।



## ७.२ जैविक विविधता सम्वन्धी विवरण

दोधारा चांदनी नगरपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ । दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ । वातावरणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ । विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस नगरपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ । यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावरको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ । दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस नगरपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ । यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावरको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ । हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन् ।

यस नगरपालिकामा उष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सल्लो, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन् । जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमशः लोप हुदै जाने अवस्थामा रहेका छन् । गैर-काष्ठ पैदावरको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझ्रो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावरहरूको उपलब्धता पनि रहेको छ । यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल, लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन् ।

यस नगरपालिकामा रहेका वनजंगलहरुले बाघ, भालु, चितुवा, चित्तल, हरिण दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, हात्ती, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ । नगरपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरुले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषतः कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कच्याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ । यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररुपले बढ्दै गइरहेको छ । वर्षेनी वन क्षेत्र फडानी भई चुरे क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भुभागमा परिणत हुनु तथा

वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ ।

## ७.३ लघु वन पैदावार

नगरपालिकाको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन् । पञ्चवर्षिय जिल्ला वन कार्य योजनाले ५० प्रकारका वनपैदावार पहिचान गरेको छ । यस नगरपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा चिराईतो, बोझो, अल्लो काउलो, काफल, पिपला, चुत्रो, ऐसेलु, झ्याउ, च्याऊ, दतिवन, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, सबइ घाँस, असुरो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, झ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुँडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, सतावरी, तेजपात, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेझार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो आदि मुख्य हुन् ।

## ७.४ नगरपालिकामा पाईने वन्यजन्तु

(क) वन्यजन्तु

दोधारा चांदनी नगरपालिका रहेको कञ्चनपुर जिल्लामा करिब ४६ भन्दा बढि प्रकारका स्तनधारी वन्यजन्तुहरु पाइन्छन् । यस नगरपालिकामा पाइने प्रमुख वन्यजन्तुहरुमा कृष्णसार, भालु, चितुवा, चित्तल, बँदेल, मलसाप्रो, मुसा, खरायो, न्याउरी मुसा, रतुवा बाँदर आदि छन ।

(ख) चराचुरुङ्गी

यस नगरपालिकामा पाईने चराचुरुङ्गीहरुमा ढुकुर, धनेश खैरो ठूलो बकुल्ला, काग, सुगा, गौँथली, भुडिफोर, जुरेली, बकुल्ला, चिल, रानीचरा, चखेवा, काठखोलिया आदि प्रमुख छन् ।

(ग) घस्रने जिवजन्तुहरू

यस नगरपालिकामा पाइने घिस्रने जिवजन्तुहरूमा कछुवा, गोमन, धामन, तिरीच, घोरगाराईच, डोम, गोहोरा, हरहरे, करेत, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन् ।

(घ) माछा वर्ग

यहाँका नदी, तालहरूमा सधेरी, डिंरा, चरंगी, सावा, दरही, कुरसा, रोहू, सौरी, सिंगी, मंगुी, मैलवा, डोंगी, खेसटी, टेग्रा, बामे, बक्काइन, ढोरी, हराट, परनी जातका माछाहरू र विभिन्न प्रजातिका घुँघी पनि प्रशस्त मात्रामा घेटाउन सकिन्छ ।

(ङ) कीरा फट्याङ्ग्राहरु

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरु आदि ।
(च) फूलका प्रजातिहरु

यस नगरपालिकामा सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि पाईने फुलका प्रजातिहरु हुन् ।

## ७.५ वनजंगल

दोधारा चांदनी नगरपालिका समुन्द्र सतहबाट १७५ मिटरको उचाईदेखि शुरु भएर २२५ मिटरसम्म गएर अन्त्य भएको छ । यो नगरमा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ । वनक्षेत्रभित्र केहि घाँसे मैदानहरु समेत रहेका छन् र नगरपालिका बाहिरका अन्य नगरपालिका तथा जिल्लाहरुमा करिव लोप अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस नगरमा प्रशस्तै मात्रामा रहेको छ । यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने नालाको अभिन्न सम्बन्ध रहेको छ ।
वन क्षेत्र तराईको समथल भू-भागदेखि चुरे पहाडसम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ । उष्ण र सम-शितोष्ण प्रदेशीय भएको यस नगरको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ । हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस नगरमा विभिन्न किसिमका वनहरु जस्तै सालको वन, हार्डउड, खयर सिसौं, चिरपाईन (खोटे सल्लो), मिश्रित वन र झाडी बुट्यान रहेका छन् ।

### ७.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस नगरमा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ । वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरुलाई नै हुन्छ । यो कार्यक्रम शुरुमा लागू भएको बेला यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविका विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सबालहहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ । नगरमा आ.व. २०७१/७२ सम्ममा ९ सामुदायिक वनहरुलाई वन उपभोक्ता समूहमा हस्तान्तण गरिएको छ । विगतको

समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ । बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागि आदि कारण र भैरहेको वन विनासले चुरेको अवस्था अत्यन्त संवेदनशील भएको छ । त्यसैले गर्दा चुरे क्षेत्रका बस्तीहरुमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ । एकातिर चुरेको भावर क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका नगरलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ । विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरुप चुरेको भावर क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुनः प्राकृतिक अवस्थामा रुपान्तरित हुन पुगेका छन् । सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन् । सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ । तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ । उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ । दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ ।

बौद्धिक सम्पदा अधिकार ९एबतभलत चष्नजत० का विषयमा र विश्व व्यापार संगठन सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु अनुशिक्षण दिनुपर्ने देखिन्छ । नगरपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न विभिन्न तालिम, गोष्ठी र अध्ययन भ्रमणहरू गरिदै आएका छन् । यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ । सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैरसरकारी संस्थाहरूलाई नगरपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म नगरपालिकाले काठ दाउराको विक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न । सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ । वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो नगरपालिकाले अग्रणी भूमिका खेलेको छ ।

### ७.५.२ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ । नगरपालिकाको विभिन्न भागहरूमा रहेका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रर्वद्धन हुन नसकेको देखिन्छ ।

#### ७.५.३ सरकारद्वारा व्यवस्थित वन

नगरपालिकाको कुल वन क्षेत्र मध्ये नगरपालिकामा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ ।

#### ७.५.४ निजी वन

राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावरको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रम समेत यस नगरपालिकामा संचालन गरिएको छ । निजी वनमा रोपिएका मुख्य प्रजातिहरुमा सिसौं, लहरेपिपल, टिक, मसला, खयर, बाँस, सिमल जस्ता प्रजातिहरु रहेका छन् ।

### ७.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था

हाल यस नगरपालिकाका वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिसौ, बकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरुमा अम्वा, कटहर, अमला, मेवा, केरा, आँप आदी पर्दछन । वनमा पाईने रुख प्रजातिहरु साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ ।

### ७.७ जडिबुटी सम्बन्धी विवरण

यस नगरपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा तेजपात, अमला, सिकाकाई, कुरिलो, पिपला, सतावरी, बोझो, अमला, हर्रो, बर्रो, भ्याकुर, मेन्थ्या, रिठ्ठा, मौवा, सिड्रोमेला, लेमनग्रास, पागरोजा, क्यायोमाईले, बेत, सर्पगन्धा, अश्वागन्धा, राजबृक्ष, रोहिनि, सालधुप, बाँस, अम्रिसो, नीम, चिउरी, जंगली सयपत्री, मौवा, घोडाटाप्रे, वनहल्दी, सालकोपात, धायरो आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको स्रोत सर्वेक्षणबाट देखिएको छ ।

### ७.८ वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ । नगरपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ । यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्याधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन् । प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न

सकिन्छ । जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ । वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ ।

# खण्ड ८ : नगरपालिकाको संगठनात्मक ढाँचा

## ८.१ नगरसभा

| सि.नं. | नामथर | पद | वडा नं. | मोबाईल नं. |
|---|---|---|---|---|
| १ | किशोर कुमार लिम्बु | नगर प्रमुख | - | ९८६५५७५२७७ |
| २ | गंगा देवी जोशी | नगर उपप्रमुख | - | ९८०६४६०५४२ |
| ३ | बिक्रम चन्द | वडा अध्यक्ष | १ | ९८०६४२५९४१ |
| ४ | पदम सिंह रावल | वडा अध्यक्ष | २ | ९८६५९४९५८९ |
| ५ | हरि सिंह धनाडी | वडा अध्यक्ष | ३ | ९८०९४१६१०२ |
| ६ | भक्त बहादुर सुनार | वडा अध्यक्ष | ४ | ९८६८४९१४३० |
| ७ | केशव बहादुर खत्री | वडा अध्यक्ष | ५ | ९८६२४८९४७७ |
| ८ | ओम बहादुर बस्नेत | वडा अध्यक्ष | ६ | ९८१०७६९५२५ |
| ९ | ज्ञानेन्द्र बहेक क्षेत्री | वडा अध्यक्ष | ७ | ९८६५९४९८४४ |
| १० | ओम प्रकाश रोकाया | वडा अध्यक्ष | ८ | ९८०९४९७०५९ |
| ११ | गोपीलाल कडेल | वडा अध्यक्ष | ९ | ९८०६४९५८८८ |
| १२ | चन्द्र बहादुर सिंह | वडा अध्यक्ष | १० | ९८१०६५५११२ |
| १३ | मानमती कुमारी भट्ट | महिला सदस्य | १ | ९८२१६१६९४६ |
| १४ | बिन्दु मोर | द.महिला सदस्य | १ | ९८००६०४२०४ |
| १५ | कृष्ण दत्त भट्ट | सदस्य | १ | ९८१२६३४१२८ |
| १६ | लोकेन्द्र चन्द | सदस्य | १ | ९८१०७७४४६२ |
| १७ | मनकला खनाल | महिला सदस्य | २ | ९८६१०४९८०४ |
| १८ | द्रोपती सुनार | द.महिला सदस्य | २ | ९८१०७५०८६३ |
| १९ | महाविर सिंह धामी | सदस्य | २ | ९८१०६९९६७२ |
| २० | कम्मान सिंह धामी | सदस्य | २ | ९८०९४४४२८८ |
| २१ | लक्ष्मीराना क्षेत्री | महिला सदस्य | ३ | ९८०९४६०३६७ |
| २२ | राधा सुनार | द.महिला सदस्य | ३ | ९८०९४३९५५० |
| २३ | दिपक सिंह महता | सदस्य | ३ | ९८०९४७२३१० |
| २४ | हर्कमान श्रेष्ठ | सदस्य | ३ | ९८०६४८२५७७ |
| २५ | हिरमा चन्द | महिला सदस्य | ४ | ९८१२७९८९२० |
| २६ | सरस्वती देवी लुहार | द.महिला सदस्य | ४ | ९८१०६५६८८१ |
| २७ | पदमराज भट्ट | सदस्य | ४ | ९८६५६४८३९३ |
| २८ | गगन बहादुर सिंह | सदस्य | ४ | ९८०१९५४३४७ |
| २९ | सीता देवी बिष्ट | महिला सदस्य | ५ | ९८४७८११०९५ |

| | | | | |
|---|---|---|---|---|
| ३० | पार्वती सुनार | द.महिला सदस्य | ५ | ९८०९४१७८४१ |
| ३१ | मनोज सिंह भण्डारी | सदस्य | ५ | ९८६५९४७५७२ |
| ३२ | दिनेश थापामगर | सदस्य | ५ | ९८२२७४३०९८ |
| ३३ | सपना राना | महिला सदस्य | ६ | ९८१२७११६४४ |
| ३४ | चाँदनू कुमारी सुनार | द.महिला सदस्य | ६ | ९८१०७३८३०८ |
| ३५ | गणेश बहादुर मगर | सदस्य | ६ | ९८०६४३२९४८ |
| ३६ | टोप बहादुर शाही | सदस्य | ६ | ९८०९४४१२४३ |
| ३७ | कमला देवी उपाध्याय | महिला सदस्य | ७ | ९८१०६८२९३६ |
| ३८ | देवीसरा सुनार | द.महिला सदस्य | ७ | ९८१०६६४७८४ |
| ३९ | सन्दीप कुमार उपाध्याय | सदस्य | ७ | ९८०९४००००१ |
| ४० | आयत बहादुर क्षेत्री | सदस्य | ७ | ९८१०६७४७८९ |
| ४१ | चन्द्रावती थापा | महिला सदस्य | ८ | ९८०९४०१७७९ |
| ४२ | चन्द्रकला देवी सुनार | द.महिला सदस्य | ८ | ९८१२७२१९०० |
| ४३ | भरत नेपाली | सदस्य | ८ | ९८०४५४८५६६ |
| ४४ | सागर सुनार | सदस्य | ८ | ९८१८९७९३२२ |
| ४५ | मीना धामी | महिला सदस्य | ९ | ९८२२७६११८७ |
| ४६ | मैना देवी सुनार | द.महिला सदस्य | ९ | ९८०६४४३२६२ |
| ४७ | बल बहादुर रावत | सदस्य | ९ | ९८०६४६२०३४ |
| ४८ | बल बहादुर खड्का | सदस्य | ९ | ९८०५७९९१७१ |
| ४९ | पिङकी रावत | महिला सदस्य | १० | ९८२२७११३७३ |
| ५० | बबली सुनार | द.महिला सदस्य | १० | ९८१०६२२१२० |
| ५१ | धन बहादुर थापा | सदस्य | १० | ९८०६४९०४८२ |
| ५२ | महाविर रोकाया | सदस्य | १० | ९८०९४४५५९५ |
| ५३ | टिकाराम सार्की | द \ अल्पसंख्यक | - | ९८०६४११९१२ |
| ५४ | सेते सुनार | द \ अल्पसंख्यक | - | ९८०९४३८००४ |
| ५५ | गिता मिजार कुमाल | द \ अल्पसंख्यक | - | ९८०६४८२२७७ |

## ८.२ कार्यपालिका सदस्यहरु :

| सि.नं. | नामथर | पद |
|---|---|---|
| १ | श्री किशोर कुमार लिम्बु | नगर प्रमुख |
| २ | श्री गंगा देवी जोशी | नगर उप-प्रमुख |
| ३ | श्री बिक्रम चन्द | वडा अध्यक्ष |
| ४ | श्री पदम सिंह रावल | वडा अध्यक्ष |
| ५ | श्री हरि सिंह धनाडी | वडा अध्यक्ष |
| ६ | श्री भक्त बहादुर सुनार | वडा अध्यक्ष |
| ७ | श्री केशव बहादुर खत्री | वडा अध्यक्ष |
| ८ | श्री ओम बहादुर बस्नेत | वडा अध्यक्ष |
| ९ | श्री ज्ञानेन्द्र बहादुर बहेक क्षेत्री | वडा अध्यक्ष |
| १० | श्री ओम प्रकाश रोकाया | वडा अध्यक्ष |
| ११ | श्री गोपीलाल कडेल | वडा अध्यक्ष |
| १२ | श्री चन्द्र बहादुर सिंह | वडा अध्यक्ष |
| १३ | श्री टिकाराम सार्की | कार्यपालिका सदस्य |
| १४ | श्री मिना धामी | कार्यपालिका सदस्य |
| १५ | श्री लक्ष्मी राना क्षेत्री | कार्यपालिका सदस्य |
| १६ | श्री पार्वती सुनार | कार्यपालिका सदस्य |
| १७ | श्री सेते सुनार | कार्यपालिका सदस्य |
| १८ | श्री गिता मिजार कुमाल | कार्यपालिका सदस्य |
| १९ | श्री मानमती कुमारी भट्ट | कार्यपालिका सदस्य |
| २० | श्री बिन्दु मोर | कार्यपालिका सदस्य |
| २१ | श्री गणेश दत्त मिश्र | प्रमुख प्रशासकीय अधिकृत |

## ८.३ नगरपालिकामा हाल कार्यरत कर्मचारीहरुको विवरण

| सि.नं. | शाखा/माहाशाखा | नाम | पद | तह |
|---|---|---|---|---|
| | न.पा. कार्यालय | गणेश दत्त मिश्र | प्रमुख प्रशासकीय अधिकृत | |
| १ | योजना शाखा | भानदेव भट्ट | योजना अधिकृत | सातौं |
| २ | प्रशासन शाखा | डम्मर ध्वज अवस्थी | प्रशासकीय अधिकृत | छैटौं |
| | | मोहन सिंह सुनार | सहायक चौथो | चौथो |
| ३ | आथीक प्रशासन शाखा | यज्ञराज लेखक | लेखा अधिकृत | आठौं |
| | | गोविन्द सिंह ऐर | लेखापाल | पाँचौ |
| | | प्रकाश गिरी | स.ले.पा. | चौथो |
| ४ | शिक्षा शाखा | हरिदत्त जोशी | शिक्षा अधिकृत | आठौं |
| | | पुजा बिष्ट | प्रा .स. | पाँचौ |
| ५ | प्राविधिक शाखा | दिपेन्द्र राज भट्ट | ईन्जिनियर | छैटौं |
| | | रघुनाथ भट्ट | स-ईन्जिनियर | पाँचौ |
| | | भरत सिंह कार्की | स-ईन्जिनियर | पाँचौ |
| | | कल्पना पनेरु | स-ईन्जिनियर | पाँचौ |
| | | विर बहादुर बुढा | स-ईन्जिनियर | पाँचौ |
| | | दिपेन्द्र बहादुर शाही | स-ईन्जिनियर | पाँचौ |
| | | अभिषेक चुनारा | अ. स-ईन्जिनियर | चौथो |
| | | भुपेन्द्र पाण्डे | अ. स-ईन्जिनियर | चौथो |
| | | प्रतिमा बिसी | अ. स-ईन्जिनियर | चौथो |
| | | अरबिन्द यादव | अ. स-ईन्जिनियर | चौथो |
| ६ | स्वास्थ्य शाखा | जय बहादुर महरा | ज.स्वा.नि. | छैटौं |
| | | लोकेन्द्रदेव भट्ट | सि. अ.हे.व. | छैटौं |
| | | नारा पन्त | सि.अ.न.मि. | छैटौं |
| | | प्रनिता भट्ट | स्वास्थ्य अधिकृत | छैटौं |
| ७ | महिला विकास शाखा | डम्मरा पन्त | म.बि.नि. | पाँचौ |
| | | अनिता भण्डारी कुवँर | स.म.बि.नि. | चौथो |
| | | ईश्वरी सिंह | समाजिक परिचालक | चौथो |

| | | | | |
|---|---|---|---|---|
| | | बिमला देवी बिष्ट | समाजिक परिचालक | चौथो |
| ८ | कृषि बिकास शाखा | कृष्णराज पन्त | कृषि स्नातक | छैटौं |
| | | कमलापती भट्ट | प्रा.स. | पाँचौ |
| | | पुर्णराज साँउद | ना.प्रा.स. | चौथो |
| | | टिकेश्वरी बिष्टट | ना.प्रा.स. | चौथो |
| ९ | पशु बिकास | कृष्ण सिंह साउँद | पशु विकास अधिकृत | छैटौं |
| | | नन्दराज भट्ट | पशु चिकित्सक | छैटौं |
| | | शान्तिदेवी भट्ट | प्रा. स. | पाँचौ |
| | | बिरेन्द्र बहादुर कुवँर | ना.प.स्व. प्रा | चौथो |
| | | राजमती धामी | ना.प.स्व. प्रा | चौथो |
| १० | रोजगार शाखा | खुश्बु के.सी. | रोजगार संयोजक | छैटौं |
| | | हेमा पन्त | रोजगार सहायक | पाँचौ |
| | | अशोक चन्द | प्रा.स. | पाँचौ |
| ११ | सुचना प्रविधि शाखा | सुरेश सिंह साउँद | सु.प्र. अधिकृत | छैटौं |
| १२ | विपद व्यवस्थापन शाखा | रघुनाथ भट्ट | स-ईन्जिनियर | पाँचौ |
| १३ | भुमि व्यवस्थापन शाखा | रघुनाथ भट्ट | स-ईन्जिनियर | पाँचौ |
| | | यशोदा भट्ट | अमिन | चौथो |
| १४ | स्टोर शाखा | आनन्द प्रसाद भट्ट | ना.सु. | पाँचौ |
| | | सुर्जकला रोकाया | खरिदार | चौथो |
| १५ | राजश्व शाखा | सरस्वती मिश्र | खरिदार | चौथो |
| | | खगेन्द्र बहादुर धानुक | स.क.अ. | चौथो |
| १६ | लघु उद्धम शाखा | जयन्ती भट्ट | खरिदार | चौथो |
| | | मोहनदत्त भट्ट | खरिदार | चौथो |
| १७ | सामाजिक सुरक्षा शाखा | टेक बहादुर रावत | एम.आई.एस. अपरेटर | पाँचौ |
| | | प्रकाश सुनार | एम.आई.एस. अपरेटर | पाँचौ |
| | | गोमती भट्ट | फिल्ड सहायक | चौथो |
| १८ | आयुर्वेदिक स्वास्थ्य | राजु जोशी | वैद्ध | चौथो |
| | | महेश राज बिष्ट | अभयङकर्ता | चौथो |
| | | लक्ष्मी कुमारी ऐर | अभयङकर्ता | चौथो |

न.पा. मा कर्यरत सवारी चालक\ का.स.

| क्र स. | नाम | पद | स्थायी\ करार |
|---|---|---|---|
| १ | आकाष पाण्डे | दमकल चालक | करार |
| २ | धर्मानन्द पन्त | हेवि सवारी चालक | करार |
| ३ | खड्क बहादुर राउत | हलुका सवारी चालक | करार |
| ४ | पदम बहादुर सुनार | ,, | |
| ५ | प्रेम बहादुर चन्द | स.चा. | करार |
| ६ | उत्तम राज भट्ट | स.चा. | करार |
| ७ | नेत्र बहादुर राना | ब्याकहो लोडर | करार |
| ८ | मोहन बम | ब्याकहो लोडर | करार |
| ९ | गोपाल दत्त भट्ट | कार्यालय सहयोगी | |
| १० | गणेश सिह पुजारा | ,, | |
| ११ | विकास रानामगर | ,, | करार |
| १२ | जहरे राउत | ,, | करार |
| १३ | रमेश दत्त भट्ट | ,, | करार |
| १४ | गोपाल सिह साँउद | ,, | करार |
| १५ | शिवराज भट्ट | ,, | करार |
| १६ | रेखा बस्नेत | सरसफाईकर्ता | ज्यालदारी |

सुकुम्बासी ईकाईमा कार्यरत

| क्र स. | नाम | पद | स्थायी\ करार |
|---|---|---|---|
| १ | तारा प्रसाद जोशी | सर्वेक्षक | करार |
| २ | कमला भट्ट | अमिन | करार |
| ३ | कोषराज जोशी | अमिन | जिल्ला समितिबाट आएका |
| ४ | दिपकराज भट्ट | अमिन | जिल्ला समितिबाट आएका |
| ५ | पुजा साउद | लगत प्रविष्टकर्ता | करार |
| ६ | अमृत बिक | लगत प्रविष्टकर्ता | करार |
| ७ | भुपाल सिंह साउद | नापी फिल्ड सहयोगी | करार |

दोधारा चादनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
वडा कार्यालयमा कार्यरत कर्मचारी विवरण

| वडा नं. | नाम | पद | तह | कैफियत |
|---|---|---|---|---|
| १ | रमेश भट्ट | वडा सचिव | चौथो | |
| | जगत बहादुर सिंह | सा.प. | चौथो | करार |
| | बसन्ती भट्ट रिजाल | का.स. | | करार |
| २ | नरेन्द्र सिंह साउद | वडा सचिव | पाँचौ | |
| | लक्ष्मी कुमारी भण्डारी | सा.प. | | करार |
| | पवन बडु | का.स. | | करार |
| ३ | मोहन प्रसाद भट्ट | वडा सचिव | पाँचौ | |
| | मोहन प्रसाद जैसी | का.स. | | करार |
| ४ | भिम सिंह घटाल | वडा सचिव | चौथो | |
| | आरती कुमारी सुनार | का.स. | | करार |
| ५ | पुरन पुन मगर | वडा सचिव | चौथो | |
| | रमेश सिंह भाट | का.स. | | करार |
| ६ | कृष्ण गिरी | वडा सचिव (स.क.अ.) | चौथो | |
| | सुरज थापा | का.स. | | करार |
| ७ | हेमन्तबहादुर टमाटा | वडा सचिव | चौथो | |
| | पुष्पा देवी खड्का | का.स. | | करार |
| ८ | बिष्ना कुमारी ओझा | वडा सचिव | पाँचौ | |
| | गोमती भट्ट | सा.प. | चौथो | करार |
| | जमुना रोकाया | का.स. | | करार |
| ९ | ललित कुमार बिष्ट | वडा सचिव | चौथो | |
| | जित बहादुर मगर | | | करार |
| १० | चन्द्र बहादुर चौधरी | वडा सचिव | पाँचौ | |
| | सोनी क्षेत्री | सा.प. | चौथो | करार |
| | सिता सुनार | का.स. | | करार |

# खण्ड ९ : दोधारा चांदनी फोटो ग्यालरी







चाँदनी नगरपालिका


ANTICIPATORY ACTION
A robust Forecasting & Decision Making Framework
Established Action Plans
तेस्रो कञ्चनपुर सम्मेलन-२०८०


अधिवेशन
नगर सभा
अध्यक्ष


कञ्चनपुर
स्वागतम्


दोधारा चाँदनी नगरपालिका
कञ्चनपुर


दोधारा चाँदनी नगरपालिका




दोधारा चाँदनी नगरपालिका
कञ्चनपुर
नगर सभाको
१२औं अधिवेशन
स्वागतम्






ANTICIPATORY ACTION
NNSWA
DCA






कर प्रणाली सफ्टवेयर जडान तथा विस्तार सम्बन्धी
२ दिने तालिम
मिति: २०७८ फागुन ६ र ७ गते



